उद्योग व्यवसायहरूको न्यून सङ्ख्या हुनु, अनौपचारिक क्षेत्रमा रोजगारीको अवसर कम हुनु, प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रहरूको स्थापना नहुनु र युवाहरूमा लागू पदार्थको दुर्व्यशनी बढ्नु जस्ता प्रमुख समस्याको रुपमा रहेको छ । गाउँपालिकामा सीपयुक्त मानव संसाधनको सूचना व्यवस्था गर्नु, वैदेशिक रोजगारीका लागि सुरक्षित गन्तव्य सुनिश्चित गर्नु, गाउँपालिकाभित्र रोजगारीको अवसर सिर्जना गर्नु, श्रम बजार व्यवस्थित गर्नु र श्रमिक सुरक्षा व्यवस्था गर्नु आदि मुख्य चुनौतीको रुपमा रहेको छ ।

### ३.७.३ सोच

सामाजिक सुरक्षा सहित श्रमको सम्मान, रोजगारीको वृद्धी गरी समृद्ध दुप्चेश्वर निर्माण ।

### ३.७.४ उद्देश्य

क) गाउँपालिकाबासीहरूलाई व्यावसायिक सीप विकास कार्यक्रम सञ्चालन गर्नु,

ख) युवाहरूको सुरक्षित तथा सीपयूक्त श्रम तथा रोजगारी प्रवर्द्धन कार्य गर्नु,

ग) श्रमिकहरूका लागि सामाजिक सुरक्षा सुनिश्चित गर्नु ।

### ३.७.५ रणनीति

क) युवा तथा लक्षित वर्गका नागरिकहरूलाई व्यावसायिक सीपयूक्त बनाउने,

ख) युवा स्वरोजगारीको अवसर सिर्जना तथा सहयोग कार्यक्रम गर्ने,

ग) श्रमिकहरूसँगको साझेदारीमा उनीहरूको सामाजिक सुरक्षा सुनिश्चित गर्ने ।

### ३.७.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ३०: श्रम, रोजगारी र सामाजिक सुरक्षा विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| क | असर | | | | | | |
| १ | श्रमिकहरूको प्रतिव्यक्ति आय (वार्षिक) | रु (लाख) | - | - | २.६ | २.८ | ३.० |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | रोजगारीको औषत दिन (वार्षिक) | दिन | - | - | २४५ | २४७ | २५० |
| **ख** | प्रतिफल | | | | | | |
| १ | सीप तालिममा सहभागी महिला | सङ्ख्या | - | - | ६० | १२० | १२० |
| २ | सीप तालिममा सहभागी विपन्न समुदायका व्यक्ति | सङ्ख्या | - | - | ६० | १२० | १२० |
| ३ | सीप तालिममा सहभागी अन्य अपांगता भएको व्यक्ति | सङ्ख्या | - | - | २० | ४० | ४० |
| ४ | सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध श्रमिक सङ्ख्या | सङ्ख्या | - | - | ३०० | ६०० | ६०० |

### ३.७.७ कार्यक्रम/आयोजनाको विवरण

तालिका ३२: श्रम, रोजगारी र सामाजिक सुरक्षा विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र.स. | कार्यक्रमआयोजना/ | वडा | एकाइ | अवधि सुरु र समाप्ति | जम्मा लक्ष्य | अनुमानित लागत रू हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| **५श्रम . रोजगारी तथा सामाजिक सुरक्षा** | | | | | | ८१०० | |
| **५.१** | **व्यवसायिक सिप विकास** | | | | | | |
| ५१.१. | लक्षित वर्ग आयमुलक तथा सिपमुलक तालिम संचालन (जनालाई३० वार्षिक) | सबै | जना | सालबसाली | ९० | ९०० | कम्तीमा ९० जना लक्षित वर्ग आयमुलक तथा सिपमुलक कार्यक्रम संचालन हुने |
| ५१.२. | महिला व्यवसायिक सिप विकास तालिम संचालन (जनालाई ३० वार्षिक) | सबै | जना | सालबसाली | ९० | ९०० | कम्तीमा ९० जना महिला व्यवसायिक सिप विकास तालिम संचालन हुने |
| ५१.३. | अपाङ्गता भयको व्यक्ति व्यवसायिक सिप तालिम संचालन १० वार्षिक) (जनालाई | सबै | जना | सालबसाली | ३० | ३०० | कम्तीमा ३० जना अपाङ्गता भयको व्यक्ति व्यवसायिक सिप तालिम संचालन हुने |
| ५१.४. | विपन्न वर्ग व्यवसायिक सिप विकास तालिम संचालन (जनालाई २० वार्षिक) | सबै | जना | सालबसाली | ६० | ६०० | विपन्न वर्ग व्यवसायिक सिप विकास तालिम संचालन हुने |
| **५२.** | **लक्षित वर्ग स्वरोजगारी प्रवर्द्धन** | | | | | | |
| ५२.१. | लक्षित वर्ग स्वरोजगारी सहयोग कार्यक्रम (जनालाई३० वार्षिक) | सबै | जना | सालबसाली | ९० | १३५० | लक्षित वर्ग स्वरोजगारी सहयोग कार्यक्रम संचालन हुने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५३. | **श्रमिक सामाजिक सुरक्षा प्रवर्द्धन र तथ्यांक व्यवस्थापन** | | | | | | |
| ५३.१. | श्रमिक हित कोष | सबै | गोटा | सालबसाली | ३ | ७५० | श्रमिक हित कोष संचालनमा आउने |
| ५३.२. | श्रमिक क्षमता विकास कार्यक्रम | सबै | पटक | सालबसाली | ६ | १८०० | श्रमिक क्षमता विकास कार्यक्रम संचालनमा आउने |
| ५३.३. | श्रमिक तथ्याँक व्यवस्थापन | सबै | गोटा | सालबसाली | ३ | ७५० | श्रमिक तथ्याँक व्यवस्थापन संचालनमा आउने |
| ५३.४. | सबै सीपालु वा कोरा मजदुरहरुको लगत अद्यावधिक र पालिकापालिकाबाट परिचयपत्र उपलब्ध गराउने कार्यक्रम | सबै | गोटा | सालबसाली | ३ | ७५० | सीपालु वा कोरा मजदुरहरुको लगत अद्यावधिक कार्यक्रम संचालन हुने |

### ३.७.९ अनुमान तथा जोखिम पक्ष

यस विषय क्षेत्रमा समावेश गरिएको कार्यक्रमहरूको समयमै विनियोजित तथा प्रक्षेपित बजेटको प्राप्ति र प्रभावकारी कार्यान्वयन भएमा अपेक्षित नतिजा सूचक र लक्ष्यहरू प्राप्त गर्न सकिने अनुमान गरिएको छ।

मध्यमकालीन खर्च संरचना

# परिच्छेद – ४

# सामाजिक क्षेत्र

## ४.१ स्वास्थ्य तथा पोषण

### ४.१.१ पृष्ठभूमि

नेपालको १५औँ योजनाले लिएको नीतिमा उल्लेख भए अनुसार निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई नागरिकको सर्वसुलभ पहुँचको लागि पायक पर्ने प्रोटोकल तयार गरी कार्यान्वयन गरिनेछ साथै महिलामा बढ्दो स्तन क्यान्सर, सर्वाइकल क्यान्सर जस्ता रोगहरूको निःशुल्क परीक्षण गर्ने व्यवस्था मिलाइनेछ भनीएको छ।

यस दुप्चेश्वर गाउँपालिका क्षेत्रमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने पूर्वाधारहरु रहेका छन् । जसअन्तर्गत ७ वटा स्वास्थ्य चौकी, ग्रामीण सामुदायिक स्वास्थ्य इकाई १ वटा, पुरुगाउँ स्वास्थ्य इकाई र गाउँघर क्लिनिक तथा खोप केन्द्र २१ वटा रहेका छन् । पूर्ण खोप गाउँपालिका घोषणा भएको यस गाउँपालिका स्वास्थ्य संस्थामा भवन तथा पूर्वाधारको निर्माण तथा व्यवस्थापनमा उन्मुख रहेको छ ।

### ४.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकाको जनस्वास्थ्य तथा पोषण क्षेत्रमा रहेका समस्याहरूको खोजी गर्दा यहाँ केही समस्याहरू विद्यमान रहेको पाइएको छ । मुख्यगरी स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य सेवाका उपकरण र औषधीहरूको उपलब्धता सीमित मात्रामा रहेको छ । यहाँका नागरिकहरू स्वास्थ्य तथा पोषणमा पूर्ण सचेत नभएको अवस्था छ । आवश्यक सङ्ख्यामा स्वास्थ्यकर्मीहरूको अभाव रहेको, गाउँपालिकाको प्राय पहाडी भूभाग भएको हुँदा स्वास्थ्य संस्थासम्म पुग्न कठिनाई रहेको छ । साथै नागरिकहरूमा जनस्वास्थ्य तथा पोषण सम्बन्धमा चेतनाको कमी रहेको छ । नागरिकहरूमा गर्भवती महिला र नवजात शिशुको स्याहार सम्बन्धमा प्राविधिक ज्ञानको कमी रहेको छ ।

स्वास्थ्य तथा पोषण क्षेत्रमा केही चुनौतीहरू पनि सामना गर्नु परेको छ । स्थानीय स्तरमा स्वास्थ्यकर र पोसिलो खानेकुराको उत्पादनमा ह्रास आउनु, बजारमा बहुप्रसोधित खानेकुराहरूको उपलब्धता र प्रयोग बढ्नु, गाउँपालिकाबासीहरू धामी तथा झाँक्रीमा बढी विश्वास गरी अस्पताल वा स्वास्थ्य संस्था नजानु, निजी स्वास्थ्य संस्थाहरूको सेवा सरल तथा अधिक खर्चिलो हुनु जस्ता मुख्य चुनौतीहरू रहेका छन् ।

### ४.१.३ सोच

गाउँपालिकाबासीको स्वास्थ्य र पोषणमा सुधार, सामाजिक तथा आर्थिक समृद्धिको एक आधार।

### ४.१.४ उद्देश्य

क) आधारभूत स्वास्थ्य सेवामा गुणस्तर वृद्धि गर्नु,

ख) आधारभूत स्वास्थ्यमा गाउँपालिकाबासीको पहुँच बढाउनु,

ग) गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सार्वजनिक निजी साझेदारी कार्यक्रमहरू लागू गर्नु।

### ४.१.५ रणनीति

क) आधारभूत स्वास्थ्य सेवामा गुणस्तर वृद्धि गर्नु पूर्वाधार तथा उपकरणको व्यवस्था गर्ने,

ख) आधारभूत स्वास्थ्य सेवामा गुणस्तर वृद्धि गर्नु दक्ष जनशक्ति व्यवस्था गर्ने,

ग) मातृशिशु स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता दिइने,

घ) सर्ने, नसर्ने र मानसिक रोगको रोकथाम र नियन्त्रण गर्ने,

ङ) स्वास्थ्य पूर्वाधार विकास र संस्था सञ्चालन अनुदान उपलब्ध गराउने,

च) स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन गर्ने,

छ) स्वास्थ्यमा गुणस्तर वृद्धि गर्न र निजी क्षेत्रको समेत संलग्नता बढाउन एकीकृत अभियान सञ्चालन गर्ने।

### ४.१.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ३३: स्वास्थ्य तथा पोषण विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | मातृ मृत्यु दर (प्रति लाख जिवित जन्ममा) | सङ्ख्या | - | - | २१० | १९० | १७० |
| २ | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जिवित जन्ममा) | जना | - | - | ३२ | २८ | २५ |
| ३ | नवजात शिशु मृत्युदर (प्रति हजार जिवित जन्ममा) | जना | - | - | २० | १९ | १८ |
| ४ | कुल प्रजनन् दर | प्रति महिला | - | - | २.२ | २.१ | २.१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | किसोरी अवस्थाको प्रजनन् (१९ वर्ष मुनि) | प्रतिशत | - | - | ११ | ९ | ८ |
| ६ | पहिचान भएको क्षयरोगीहरू मध्ये उपचारको सफलता दर | प्रतिशत | - | - | ९४ | ९५ | ९६ |
| ७ | आधा घण्टाको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको घरधुरी | प्रतिशत | - | - | ७९ | ८१ | ८३ |
| ८ | ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूमा भएको पुड्कोपन (उमेर अनुसार उचाई कम) | प्रतिशत | - | - | ३२.२ | ३२ | ३१.७ |
| ९ | ६ वर्ष भन्दा मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | - | - | २३.५ | २३ | २२.५ |
| | प्रतिफल | | | | | | |
| १ | स्वास्थ्य विमामा आवद्ध भएको जनसङ्ख्या | प्रतिशत | - | - | ५० | ५५ | ६० |
| २ | प्रजनन् उमेर समुहका महिलामा रक्तअल्पता | प्रतिशत | - | - | ३८ | ३६ | ३४ |
| ३ | पूर्ण खोप प्राप्त गर्ने प्रजननयोग्य उमेरका महिला | प्रतिशत | - | - | ६५ | ७० | ७५ |
| ४ | पूर्ण खोप प्राप्त गर्ने बालबालिका | प्रतिशत | - | - | ८५ | ८७ | ८८ |
| ५ | जन्मेको १ घण्टाभित्र स्तनपान गरेका बालबालिका | प्रतिशत | - | - | ४० | ४२ | ४४ |
| ६ | आधारभूत स्वास्थ्य केन्द्र | सङ्ख्या | - | - | ६ | ९ | ९ |
| ७ | सुविधासम्पन्न अस्पताल | सङ्ख्या | - | - | १ | १ | १ |
| ८ | जनसङ्ख्या वृद्धि दर | प्रतिशत | - | - | २ | २ | २ |
| ९ | प्रति हजार जनसङ्ख्यामा स्वास्थ्यकर्मीको सङ्ख्या | सङ्ख्या | - | - | १.१ | १.३ | १.५ |
| १० | प्रति दश हजार जनसङ्ख्यामा डक्टरको सङ्ख्या | सङ्ख्या | - | - | १.४ | १.६ | १.८ |
| ११ | परिवार नियोजनको आधुनिक साधान प्रयोग दर | प्रतिशत | - | - | १२ | १३ | १४ |
| १२ | स्वास्थ्य संस्था मार्फत प्रसुति सेवा लिने महिला | प्रतिशत | - | - | २० | ३० | ४० |
| १३ | दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा सुत्केरी भएको महिला (जिवित जन्ममा) | प्रतिशत | - | - | २० | ३० | ४० |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१४** | प्रोटोकल अनुसार ४ पटकसम्म गर्भवती जाँच गर्ने महिला | प्रतिशत | - | - | ५५ | ६० | ७० |
| **१५** | प्रोटोकल अनुसार बच्चाको जन्मपछि ३ पटक सेवा प्राप्त गर्ने महिला | प्रतिशत | - | - | ४० | ५० | ७० |
| **१६** | भिटामिन ए प्राप्त गर्ने गर्भवती महिला | प्रतिशत | - | - | ६५ | ७० | ८० |
| **१७** | तोकिए बमोजिमका सबै खोप पाउने बालबालिका | प्रतिशत | - | - | ८७ | ९० | ९४ |
| **१८** | डि.पि.टि. हेप खोप तेश्रो प्राप्त गर्ने बालबालिका | प्रतिशत | - | - | ८७ | ९० | ९४ |
| **१९** | दादुरा खोप प्राप्त गर्ने बालबालिका | प्रतिशत | - | - | ८७ | ९० | ९४ |
| **२०** | गर्भवती महिला मध्ये पि एम टि सि टी सेवा पाएका महिला | प्रतिशत | - | - | ९२ | ९४ | ९६ |
| **२१** | क्षयरोग लाग्ने दर | प्रति हजारमा सङ्ख्या | - | - | १.०० | ०.८० | ०.७० |

### ४.१.७ कार्यक्रम/आयोजनाको विवरण

तालिका ३५: स्वास्थ्य तथा पोषण विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र.स. | कार्यक्रमआयोजना/ | एकाइ | वडा | अवधि सुरु र समाप्ति | जम्मा लक्ष्य | अनुमानित लागत रू हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| **१** | **स्वास्थ्य तथा पोषण** | | | | | **२३,०००** | |
| १.१ | स्वास्थ्य चौकीमा बिभिन्न रङका डस्टबिन् तथा बकेटहरु ब्यवस्था थान ६०)) | थान | सबै | २०८१८२/ | ६० | ३०० | सबै वडाका स्वास्थ्य चौकीमा बिभिन्न रङका डस्टबिन् तथा बकेटहरु ब्यवस्थापन हुनेछन |
| १.२ | संक्रामक रोग जन्य महामारी कोष | पटक | सबै | २०८१८२/ | १ | ३०० | संक्रामक रोग जन्य महामारी कोष संचालन हुनेछन |
| १.३ | सरुवा रोग रोकथाम तथा नियन्त्रण कार्यक्रम | गोटा | सबै | २०८१८२/ र २०८३८४/ | २ | ३०० | सरुवा रोग रोकथाम तथा नियन्त्रण कार्यक्रम संचालन हुनेछन |
| १.४ | स्वास्थ्य जनचेतनामुलक कार्यक्रम (वार्षिक) | पटक | सबै | सालबसालि | ३ | ४५० | स्वास्थ्य जनचेतनामुलक कार्यक्रम संचालन भई सम्पन्न हुनेछन |
| १.५ | स्वास्थ्य केन्द्रमा ल्याब स्थापना | गोटा | सबै | २०८१ ८२/ | १ | ३,००० | स्वास्थ्य केन्द्रमा ल्याब स्थापनामा सहयोग सञ्चालन भएको हुनेछ। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | र ८३/२०८२ | | | |
| १.६ | महिला स्वास्थ्य स्वयंसेविका परिचालन कार्यक्रम  वार्षिक)२० जना( | जना | सबै | सालबसालि | ६० | १,८०० | महिला स्वास्थ्य स्वयंसेविका परिचालन कार्यक्रम सुचारु हुनेछन |
| १.७ | आधारभूत सेवा विस्तार कार्यक्रम | पटक | सबै | सालबसालि | ३ | ३०० | सातै वटै वडाका आम नागरिकमा आधारभूत सेवा विस्तार कार्यक्रम सम्पन्न हुनेछन |
| १.८ | वार्षिक १०० जना ग्रामिण आमाहरुसंग स्वास्थ्य कार्यक्रम | जना | सबै | सालबसालि | ३०० | २,४०० | सबै वडाका कम्तीमा ३०० जना ग्रामिण आमा स्वास्थ्य कार्यक्रम सेवा विस्तार कार्यक्रम सम्पन्न हुनेछन |
| १.९ | स्वास्थ्यकर्मी क्षमता विकास कार्यक्रम (जना स्वास्थ्यकर्मीहरु ५० कम्तिमा) | जना | सबै | २०८१ ८२/ र २०८२८३/ | ५० | ५०० | कम्तीमा ५० जना स्वास्थ्यकर्मीलाई क्षमता विकास कार्यक्रम सम्पन्न हुनेछ |
| १.१० | नियमित खोप सेवा परिचालन | गोटा | सबै | सालबसालि | ३ | ९०० | नियमित खोप सेवा परिचालन सम्पन्न हुनेछ |
| १.११ | अनुगमन तथा सुपरिवेक्षण कार्यक्रम | पटक | सबै | सालबसालि | ६ | १,२०० | सम्पूर्ण स्वास्थ्य सेवा अनुगमन तथा सुपरिवेक्षण कार्यक्रम सम्पन्न हुनेछ |
| १.१२ | मानसिक स्वास्थ्य कार्यक्रम | पटक | सबै | सालबसालि | ३ | ६०० | मानसिक स्वास्थ्य कार्यक्रम संचालनमा आई सम्पन्न हुने। |
| १.१३ | स्वास्थ्य गुरुयोजना बनाई आवश्यक स्वास्थ्य जनशक्तिको व्यवस्थापन | गोटा | सबै | सालबसालि | १ | १,२०० | स्वास्थ्य गुरुयोजना बनाई आवश्यक स्वास्थ्य जनशक्तिको व्यवस्थापन सुचारु हुनेछ |
| १.१४ | स्वास्थ्य संस्थाहरुको अस्पतालजन्य फोहोर व्यवस्थापन | गोटा | सबै | सालबसालि | ३ | १,५०० | सम्पूर्ण स्वास्थ्य संस्थाहरुको अस्पतालजन्य फोहोर व्यवस्थापन कार्यक्रम समपन्न तिर लाग्नेछ |
| १.१५ | औषधिको गुणस्तर परिक्षण प्रयोगशाला स्थापना | गोटा | सबै | २०८१ ८२/ र ८३/२०८२ | १ | १,५०० | औषधिको गुणस्तर परिक्षण प्रयोगशाला स्थापनामा सहयोग र व्यवस्थापना हुनेछ |
| १.१६ | कुपोषण न्यूनीकरणका लागि स्वस्थ बानि र व्यवहारको प्रवर्दनका लागि तालिम | जना | सबै | सालबसालि | १५० | ७५० | कुपोषण न्यूनीकरणका लागि स्वस्थ बानि र व्यवहारको प्रवर्दनका लागि कम्तीमा १५० जनालाई तालिम संचालन हुने |
| १.१७ | स्वास्थ्य विकास कार्यशाला | पटक | सबै | सालबसालि | ३ | ६०० | स्वास्थ्य विकास कार्यशाला संचालन हुनेछ |
| १.१८ | मातृ तथा नवाशिशु स्वास्थ्य कार्यक्रम | जना | सबै | सालबसालि | १५० | १,५०० | घरदैलो मातृ तथा नवाशिशु स्वास्थ्य कार्यक्रम सम्पन्न हुनेछ |
| १.१९ | पूर्ण खोपको सुनिश्चितता तथा दिगोपन | पटक | सबै | सालबसालि | ३ | ९०० | पूर्ण खोपको सुनिश्चितता तथा दिगोपन सम्पन्न हुनेछ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.२० | घ्यावर चौर,हुङ ओडारे स्वास्थ्य चौकी, बेतिनी स्वास्थय चौकी, अदुवा बारी सामुदायिक स्वास्थ्य इकाई, बालकुमारी स्वास्थ्य चौकी, निङ्गाले ग्रामिण स्वास्थ्य इकाई हरुमा ४ कोठे भवन थप सहयोग योजना | गोटा | सबै | सालबसालि | ३ | ३,००० | विभिन्न ठाउको स्वास्थ्य इकाईहरुलाई व्यवस्थापन संचालन हुने |

### ४.१.९ अनुमान तथा जोखिम पक्ष

स्वास्थ्य तथा पोषण क्षेत्रका कार्यक्रम तथा आयोजनाहरूका लागि अपेक्षा गरिएको स्रोतहरूबाट आय प्राप्त भएमा तोकिएको समयमा कार्यान्वयन गरी अपेक्षित नतिजा हाँसिल गर्न सकिनेछ । गाउँपालिकाका दक्ष जनशक्ति, कार्यक्रमहरू कार्यान्वयनका लागि नीति तथा कानुनगत स्पष्टता र कार्यपालिकाको चुस्त निर्णय तथा अनुगमन प्रक्रियाले यी कार्यक्रमहरू समयमै प्रभावकारी कार्यान्वयनमा अहम् भूमिका खेल्नेछ ।

## ४.२ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.२.१ पृष्ठभूमि

यस गाउँपालिका २ वटा क्याम्पस तथा कुल ५० वटा बिद्यालयहरु संचालनमा रहेका छन् जसमध्ये आधारभूत ३९ वटा, मा. वि. ११ वटा रहेका छन् । राष्ट्रिय जनगणना २०७८ को अनुसार यस गाउँपालिकाको कूल साक्षरता दर ६२.७ प्रतिशत रहेको छ । जसमा पुरुष साक्षरता दर ६८ प्रतिशत छ भने महिला साक्षरता दर ५७.४ प्रतिशत रहेको छ । सामुदायिक विद्यालय तथा सरकारी क्याम्पसहरुमा शिक्षाको गुणस्तर अपेक्षित स्तरमा नभएको गुनासो जनमानसमा रहेको हुँदा शैक्षिक गुणस्तर वृद्धि गर्न तथा शैक्षिक क्षेत्रमा रहेका सवालको पहिचान गरी समाधानका उपायहरु खोजी गर्नुपर्ने आवश्यकता रहेको छ । यसर्थ दुप्चेश्वरको शिक्षा क्षेत्रमा रहेका सम्भावना, अवसर, समस्या र चुनौतीहरुको खोजी गरी सोको समधानका लागि रणनीति तथा कार्यनीतिहरु र कार्यक्रमहरु योजनामा समावेश गरिएको छ ।

### ४.२.२ समस्या तथा चुनौती

दुप्चेश्वर गाउँपालिकाभित्र शिक्षा, विज्ञान र प्रविधिका कार्यक्रम कार्यान्वयनका आफ्नै किसिमका चुनौतीहरू छन् । विद्यालयका पूर्वाधारहरूको कमीका कारण गुणस्तरीय शिक्षाको सीमित पहुँच रहेको छ । तालिम

प्राप्त योग्य शिक्षकहरूको दरवन्दीको अभावले विद्यालय संचालनमा कठिनाइ रहेको छ । गरिबी र लैङ्गिक असमानताले शैक्षिक प्रगतिमा बाधा पुगेको छ भने बालबालिका विद्यालय छाडेर दैनिक जीवन यापनका कामहरूमा सहभागी हुने पर्ने अवस्था रहेको छ । अनुसन्धान र विकासमा अपर्याप्त लगानीले वैज्ञानिक र प्राविधिक शिक्षाको विकासलाई हुन सकेको छैन । विद्यालयहरूमा कक्षाकोठा, फर्निचर, शौचालय, क्यान्टिन, प्रयोगशाला, खेल मैदान आदिको कमी रहेको छ । केही विद्यालयहरूमा बालबालिकाको सङ्ख्या घट्दै गएको छ । केही विद्यालयहरूमा भौतिक पूर्वाधारहरू सीमित रहेको छ । साथसाथै सरकारी विद्यालयहरूमा शैक्षिक गुणस्तर उच्च बनाउने कार्य चुनौतीको रुपमा रहेको छ । बालबालिकाहरूमा सामाजिक संजालको दुरुपयोग, धुम्रपान, मद्यपान, तथा दुर्व्यासनी बढेको हुँदा यस्ता कार्यहरूको न्यूनीकरण गरी पठन पाठनमा लगाउनु चुनौतीको रुपमा रहेको छ ।

### ४.२.३ सोच

शिक्षा, विज्ञान र नवप्रवर्तनमा विकास, दुप्चेश्वरबासीको गरिबी निवारणको निकास ।

### ४.२.४ उद्देश्य

क) सरकारी शैक्षिक संस्थाहरूलाई आवश्यक भौतिक पूर्वाधार निर्माण तथा आपूर्ति गर्नु,

ख) सरकारी विद्यालय तथा क्याम्पसको शैक्षिक गुणस्तर तथा संस्थागत व्यवस्थापन सुधार गर्नु,

ग) शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु,

घ) शिक्षक र अभिभावकहरूको क्षमता विकास गरी शैक्षिक जिम्मेवारीमा प्रेरित गर्नु ।

### ४.२.५ रणनीति

क) सरकारी विद्यालय तथा क्याम्पसमा आवश्यक पूर्वाधार विकास गरी शिक्षण सिकाइका लागि उपयुक्त वातावरण तयार गर्ने ।

ख) विद्यालय तथा क्याम्पसको शिक्षण सिकाइमा गुणस्तर तथा संस्थागत व्यवस्थापनमा सुधार गर्ने ।

ग) आधारभूत शिक्षामा सबैको पहुँचको सुनिश्चित गर्नका लागि आवश्यक उपायहरूको खोजी गरी लागू गर्ने ।

घ) शिक्षकहरूको पेशागत क्षमता तथा बालबालिकाको शैक्षिक विकासमा अभिभावकको भूमिका अभिवृद्धि गर्ने विधिहरू उपयोग गर्ने ।

मध्यमकालीन खर्च संरचना

### ४.२.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ३६: शिक्षा, विज्ञान तथा प्रविधि विकासका विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | प्रभाव | | | | | | |
| १ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | - | - | ९७.२ | ९७.७ | ९८.२ |
| २ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | - | - | ९७.२ | ९७.७ | ९८.२ |
| | असर | | | | | | |
| १ | युवा साक्षरता (१५ देखि २४) | प्रतिशत | - | - | ९८.५ | ९८.७ | ९८.८ |
| २ | पूर्व प्राथमिक शिक्षामा कुल भर्ना दर | प्रतिशत | - | - | १०० | १०० | १०० |
| ३ | खुद भर्ना दर | प्रतिशत | - | - | | | |
| ४ | आधारभूत तह (१ - ८) | प्रतिशत | - | - | ८० | ८५ | ९० |
| ५ | माध्यमिक तह (९ - १२) | प्रतिशत | - | - | ३५ | ५० | ६० |
| ६ | उच्च शिक्षाको कुल भर्ना दर | प्रतिशत | - | - | १६ | १८ | २० |
| ७ | विद्यालय छाड्ने दर | | - | - | | | |
| ८ | आधारभूत तह (१ - ८) | प्रतिशत | - | - | ३ | २ | १.५ |
| ९ | माध्यमिक तह (९ - १२) | प्रतिशत | - | - | २ | १.५ | १ |
| १० | कक्षा ८ को निम्ति सिकाइ उपलब्धि (औषत) | | - | - | | | |
| ११ | गणित | स्कोर | - | - | ४८ | ५२ | ५५ |
| १२ | नेपाली | स्कोर | - | - | ५७ | ६० | ६३ |
| १३ | अंग्रेजी | स्कोर | - | - | ५७ | ६० | ६३ |
| १४ | विज्ञान | स्कोर | - | - | ५४ | ५८ | ६० |
| १५ | काम गर्ने उमेर समुहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या | प्रतिशत | - | - | ३७ | ४२ | ४५ |
| | प्रतिफल | | | | | | |
| १ | प्रति विद्यार्थी सरकारी खर्च | | - | - | | | |



मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तह (कक्षा १ - ८) | रु हजारमा | - | - | १६ | १९ | २१ |
| ३ | माध्यमिक तह (कक्षा ९ - १२) | रु हजारमा | - | - | ११ | १३ | १४ |
| ४ | शिक्षक विद्यार्थी अनुपात | | - | - | | | |
| ५ | आधारभूत तह (कक्षा १ - ८) | अनुपात | - | - | १:२० | १:२२ | १:२७ |
| ६ | माध्यमिक तह (कक्षा ९ - १२) | अनुपात | - | - | १:३३ | १:३२ | १:३१ |
| ७ | पेशागत तालिम प्राप्त शिक्षक | | - | - | | | |
| ८ | आधारभूत तह (कक्षा १ - ८) | प्रतिशत | - | - | ८० | ८५ | ८५ |
| ९ | माध्यमिक तह (कक्षा ९ - १२) | प्रतिशत | - | - | ८५ | ९० | ९५ |
| १० | माध्यमिक तहमा छात्रबृत्ति पाउने विद्यार्थी | प्रतिशत | - | - | २२ | २३ | २४ |
| ११ | गुणस्तर सुनिश्चितता तथा प्रत्ययन प्राप्त क्याम्पस | सङ्ख्या | - | - | ० | ० | १ |
| १२ | स्वच्छ पानी तथा सरसफाइ सुविधा सहित सोचालय निर्माण भएको विद्यालय | प्रतिशत | - | - | ९० | ९४ | ९७ |
| १३ | इन्टरनेट सुविधा पुगेको विद्यालय | प्रतिशत | - | - | ९७ | ९७ | ९८ |

### ४.२.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ३८: शिक्षा, विज्ञान तथा प्रविधि विकासका विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र.स. | कार्यक्रम/आयोजना | एकाइ | वडा | अवधि सुरु र समाप्ति | जम्मा लक्ष्य | अनुमानित लागत रू हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| **ख** | **सामाजिक विकास क्षेत्र** | | | | | **५५,४५०** | |
| **२** | **शिक्षा विज्ञान र नवप्रवर्तन** | | | | | | |
| २.१ | शिक्षा सबैको पहुँचका लागि नीति नियम निर्माण र कार्यान्वयन | गोटा | सबै | २०८१/८२ र २०८२/८३ | १ | २,००० | शिक्षा सबैको पहुँचका लागि नीति नियम निर्माण र कार्यान्वयन गरेको हुनेछ। |
| २.२ | बिषयगत शिक्षक समुह गठन | पटक | सबै | सालबसालि | ३ | ४५० | बिषयगत शिक्षक समुह गठन कार्यक्रम विस्तार गरेको हुने। |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.३ | शिक्षक व्यवस्थापनमा सहजीकरण | पटक | सबै | २०८२/८३ | १ | २०० | शिक्षक व्यवस्थापनमा सहजीकरण विस्तार गरेको हुने। |
| २.४ | सबै विद्यालयमा विषयगत प्रयोगशाला, पुस्तकालय र सूचना प्रविधि कार्यक्रम विस्तार | पटक | सबै | २०८१/८२ | १ | १,५०० | सबै विद्यालयमा विषयगत प्रयोगशाला, पुस्तकालय र सूचना प्रविधि कार्यक्रम सुचारु हुनेछ |
| २.५ | विद्यालयमा प्रकोप जोखिम न्यूनीकरण सचेतना कार्यक्रम संचालन एवं विद्यालयको पुनसवलिकरण कार्यक्रम | जना | सबै | २०८१/८२ | ५० | ५०० | विद्यालयमा प्रकोप जोखिम न्यूनीकरण सचेतना कार्यक्रम संचालन एवं विद्यालयको पुनसवलिकरण कार्यक्रमबाट लाभान्वित भएको हुने। |
| २.६ | बालविकास केन्द्र सुदृढीकरण योजना | पटक | सबै | २०८२/८३ र २०८३/८४ | २ | ३०० | बालविकास केन्द्र सुदृढीकरण योजना संचालन हुने |
| २.७ | शैक्षिक गुणस्तर सुधारको लागि मापदण्ड तयारी | गोटा | सबै | २०८२/८३ | १ | १,००० | शैक्षिक गुणस्तर सुधारको लागि मापदण्ड तयारी कार्यक्रम सम्पन्न हुने। |
| २.८ | विद्यालयमा भएका असल अभ्यास र अनुभवको आदान प्रदान कार्यक्रम | पटक | सबै | २०८१/८२ र २०८३/८४ | २ | ३०० | विद्यालयमा भएका असल अभ्यास र अनुभवको आदान प्रदान कार्यक्रम प्राप्त गर्ने छन्। |
| २.९ | संगीत, खेलकुद र कला प्रवर्दन गर्ने विद्यालयमा कार्यरत जनशक्तिको क्षमता विकास एवं विद्यार्थी प्रतिभा प्रोत्साहन कार्यक्रम | जना | सबै | २०८१/८२ र २०८२/८३ | १०० | ५०० | संगीत, खेलकुद र कला प्रवर्दन गर्ने विद्यालयमा कार्यरत जनशक्तिको क्षमता विकास एवं विद्यार्थी प्रतिभा प्रोत्साहन कार्यक्रम सपन्न हुने |
| २.१० | बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि स्थानीय स्तरीय आवासीय विद्यालय स्थापना र संचालन | गोटा | सबै | २०८१/८२ र २०८२/८३ | १ | ५,००० | बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि स्थानीय स्तरीय आवासीय विद्यालय स्थापना र संचालन प्राप्त गर्ने छन्। |
| २.११ | विद्यालय अनुगमन, सुपरिवेक्षण र निरीक्षण कार्यक्रम | पटक | सबै | सालबसालि | ३ | १,२०० | कम्तिमा ५०० शिक्षक क्षमाता विकास तालिम सम्पन्न भएको हुनेछ। |
| २.१२ | जेहेन्दार र गरिब छात्रवृत्ति प्रोत्शाहन(कम्तिमा वार्षिक ३०जना विद्यार्थी) | गोटा | सबै | सालबसालि | ९० | १,८०० | जेहेन्दार र गरिब छात्रवृत्ति प्रोत्शाहन(कम्तिमा 90 जना विद्यार्थी) संचालनमा रहनेछ। |
| २.१३ | बिद्यालय सुधार योजनामा तर्जुमा | गोटा | सबै | २०८१/८२ | १ | १,५०० | बिद्यालय सुधार योजनामा तर्जुमा कार्यक्रम सम्पन्न हुनेछ। |
| २.१४ | बिद्यालय संचालन अनुदान (शिक्षक तलब सहित) | पटक | सबै | २०८१/८२ | १ | ७०० | विद्यालय आन्तरिक परीक्षा संचालन अनुदानबाट प्रेरित हुनेछन। |
| २.१५ | अभिभावक शिक्षा कार्यक्रम | पटक | सबै | २०८२/८३ | १ | १५० | खेलकुद प्रोत्साहनको लागि पालिका स्तरीय राष्ट्रपति रनिंग शिल्ड कार्यक्रम सम्पन्न हुनेछ |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१६ | शिक्षक क्षमाता विकास तालिम संचालन | जना | सबै | सालबसालि | १५० | १,५०० | कम्तीमा 150 जना शिक्षकलाई क्षमाता विकास तालिम संचालन हुने |
| २.१७ | उत्कृष्ट शिक्षक र बिद्यार्थी पुरस्कार कार्यक्रम | जना | सबै | सालबसालि | ३० | १,५०० | कम्तीमा ३० जना उत्कृष्ट शिक्षक र बिद्यार्थी पुरस्कार भयेक हुनेछन |
| २.१८ | शिक्षक अनुभव साटासाट कार्यक्रम | पटक | सबै | २०८२/८३ र २०८३/८४ | २ | ६०० | शिक्षक अनुभव साटासाट कार्यक्रम उपलब्ध हुनेछ । |
| २.१९ | आन्तरिक परीक्षा संचालनमा अनुदान | पटक | सबै | सालबसालि | ३ | १,५०० | विद्यालय आन्तरिक परीक्षा संचालन अनुदानबाट प्रेरित हुनेछन । |
| २.२० | नगर स्तरीय राष्ट्रपति रनिंग शिल्ड कार्यक्रम | पटक | सबै | २०८२/८३ | १ | १,००० | खेलकुद प्रोत्साहनको लागि पालिका स्तरीय राष्ट्रपति रनिंग शिल्ड कार्यक्रम सम्पन्न हुनेछ |
| २.२१ | स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक तयारी | पटक | सबै | २०८१/८२ | १ | २,००० | स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक तयारी उपलब्ध हुनेछ । |
| २.२२ | विद्यालय प्रगति समिक्षा बैठक तयारी | पटक | सबै | सालबसालि | ३ | ४५० | विद्यालय प्रगति समिक्षा बैठक तयारी सहयोग प्राप्त गरेको हुनेछन |
| २.२३ | निजि स्रोत बालबिकास केन्द्र र विद्यालय शैक्षिक सामग्री वितरण | पटक | सबै | २०८१/८२ र २०८३/८४ | २ | १,००० | निजि स्रोत बालबिकास केन्द्र र विद्यालय शैक्षिक सामग्री वितरण सहयोग प्राप्त गर्ने छन् । |
| २.२४ | आधारभूत तथा माध्यमिक शिक्षामा विज्ञान, प्रविधि र नवपर्वतनलाई प्रोत्साहन कार्यक्रम | पटक | सबै | २०८१/८२ | १ | १५० | आधारभूत तथा माध्यमिक शिक्षामा विज्ञान, प्रविधि र नवपर्वतनलाई प्रोत्साहन कार्यक्रम संचालन हुनेछ । |
| २.२५ | जानकी आ. वि., चंडेश्वारी आ. वि, मा सौचालय निर्माण | गोटा | १,३ | २०८३/८४ | २ | ३,००० | जानकी आ. वि., चंडेश्वारी आ. वि, मा सौचालय निर्माण तथा व्यवस्थापनमा सहयोग प्राप्त हुनेछ |
| २.२६ | कौकेश्वारी मा. वि र सुन्दरा आ. वि. घेरावार तथा खेलमैदान व्यवस्थापन | गोटा | २,३ | २०८२/८३ | १ | ४०० | कौकेश्वारी मा. वि र सुन्दरा आ. वि. घेरावार तथा खेलमैदान आंशिक व्यवस्थापन हुनेछ |
| २.२७ | कौकेश्वारी मा. वि. झ्याल ढोका मर्मत सम्हार तथा रङ्गरोगन निर्माण तथा व्यवस्थापन | गोटा | ४ | २०८२/८३ | १ | १,००० | कौकेश्वारी मा. वि. झ्याल ढोका मर्मत सम्हार तथा रङ्गरोगन निर्माण तथा व्यवस्थापन हुनेछ |
| २.२८ | श्री ओम शिब शंकर आ. वि. मर्मत सम्हार तथा व्यवस्थापन | गोटा | ४ | २०८१/८२ | १ | ५०० | श्री ओम शिब शंकर आ. वि. मर्मत सम्हार तथा व्यवस्थापन |
| २.२९ | स्मार्ट बोर्ड खरिद तथा व्यवस्थापन | गोटा | ५ | २०८१/८२ | १ | ८०० | स्मार्ट बोर्ड खरिद तथा व्यवस्थापन सम्पन्न हुने |
| २.३० | स्मार्ट TV खरिद तथा व्यवस्थापन | गोटा | ५ | २०८२/८३ | १ | ६०० | स्मार्ट TV खरिद तथा व्यवस्थापन सम्पन्न हुने |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.३१ | विरेन्द्र मा. वि.,घ्यांग फेदी मा. वि.,मारले मा. वि, धनेश्वारी आ. वि., अर्जुन आ. वि, कमलमाणिक मा. वि., भूमेस्थान मा. वि, श्री डाँडाखर्क आ. वि, धौलागिरी आ. वि, उज्ज्वल आ. वि, कल्याण मा. वि., महादेव मा. वि. मा ४ कोठे भवन निर्माण सहयोग सहित घेरबार व्यवस्थापन | गोटा | १,२,३,४,५,६ | सालबसालि | ६.० | १२,००० | विभिन्न स्थानको विद्यालयमा ४ कोठे भवन निर्माण सहयोग सहित घेरबार व्यवस्थापन संचालन हुनेछ |
| २.३२ | कौकेश्वारी मा. वि., श्री रुकमणि मा. वि., वछला मा. वि., नवज्योति आ. वि., महादेव मा. वि. मा बिज्ञान प्रयोगशाला सामग्री र कम्प्युटर प्रयोगशाला सामग्री व्यवस्थापन | गोटा | ३,५,६,७ | २०८२/८३ र २०८३/८४ | ५.० | ५,००० | बिज्ञान प्रयोगशाला सामग्री र कम्प्युटर प्रयोगशाला सामग्री व्यवस्थापन हुनेछ |
| २.३३ | श्री नवज्योति आ. वि. मा पुस्तकालय व्यवस्थापन | गोटा | ६ | २०८३/८४ | १.० | ३५० | श्री नवज्योति आ. वि. मा पुस्तकालय व्यवस्थापन भइ संचालन हुनेछ |
| २.३४ | श्री दुप्चेश्वर मा. वि., वछला मा. वि., श्री कृष्ण प्रा. वि, चनभूमे प्रा. वि. हरुमा ६ कोठे भवन र च्यानडाँडा आ. वि.मा आवश्यक पूर्वाधार निर्माण सहयोग सहित घेरबार योजना | गोटा | ६,७ | २०८३/८४ | २.० | ५,००० | विभिन्न विद्यालयमा आवश्यक पूर्वाधार निर्माण सहयोग सहित घेरबार योजना सम्पन्न हुनेछ |

### ४.२.९ अनुमान तथा जोखिम पक्ष

यस गाउँपालिकामा शिक्षा, विज्ञान र प्रविधिको लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न एक व्यापक र एकीकृत दृष्टिकोण आवश्यक छ । गाउँपालिकाको सीमित स्रोतबाट अधिकतम लक्ष्य हासिल गर्नु चुनौती रहेको छ । गुणस्तरीय शिक्षामा सर्वव्यापी पहुँच सुनिश्चित गर्न शिक्षा पूर्वाधार, शिक्षक तालिम र पाठ्यक्रम विकासमा लगानी महत्त्वपूर्ण छ यसका लागि प्रयाप्त आर्थिक स्रोतको आवश्यकता हुनेछ ।

## ४.३ युवा, खेलकुद तथा नवप्रवर्तन

### ४.३.१ पृष्ठभूमि

व्यक्तिको शारिरिक तन्दरुस्ती, सामाजिक र मानसिक पक्षको सन्तुलित विकासका लागि खेलकुदले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो



मध्यमकालीन खर्च संरचना

विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरु हाँसिल गर्न गाउँपालिकास्तरमा खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी व्यवहारमा उतार्न जरुरी छ।

### ४.३.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा युवा लक्षित नीति तथा कार्यक्रमहरू नतिजामूखी बन्न सकेको छैन साथै युवा उद्यमशिलता तथा रोजगारीका कार्यक्रमहरू पनि प्रभावकारी बन्न सकेको छैन। युवाहरूलाई श्रम बजार अनुसारका सीपहरू उपलब्ध गराउन नसक्नु र खेलकुद क्षेत्रलाई व्यवस्थित बनाउन नसक्नु जस्ता समस्याहरू रहेका छन्। शिक्षित बेरोजगार युवाहरूलाई रोजगार बनाउने कार्य चुनौतीको रुपमा रहेको छ। स्थानीय युवाहरूलाई स्थानीयस्तरमै उद्यमशील कार्यमा प्रेरित गर्नु र खेलकुदलाई व्यावसायिक रुपमा स्थापना गर्नु पनि चुनौती रहेको छ।

### ४.३.३ सोच

उद्यमशिल र सीपयुक्त युवा, दुप्चेश्वर गाउँपालिका विकासको अगुवा।

### ४.३.४ उद्देश्य

क) युवाहरूलाई सामाजिक आर्थिक रुपमा सशक्त बनाई विकासमा सहभागिता गराउनु,
ख) खेलकुद तथा खेलाडीको क्षमता विकास गर्नु,
ग) युवाहरूलाई लागू पदार्थ दुर्व्यसनीबाट जोगाउनु।

### ४.३.५ रणनीति

क) युवाहरूको सीप तथा क्षमता विकास गरी सक्षम र सीपयुक्त बनाउने।
ख) गाउँपालिकामा खेलकुद प्रवर्द्धनका लागि पूर्वाधार विकास तथा खेलाडीहरूको क्षमता अभिवृद्धि गर्ने।
ग) युवाहरूलाई लागू पदार्थ दुर्व्यसनीबाट जोगाउनका लागि सचेतनामूलक र नियन्त्रणात्मक कार्यहरू गर्ने।

### ४.३.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ३९: युवा खेलकुद तथा नवप्रवर्दनका विषय क्षेत्रगत नतिजा सुचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | स्वरोजगार युवाको जनसङ्ख्या | प्रतिशत | - | - | ४२ | ४५ | ४८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | युवा उद्यमीको जनसङ्ख्या | प्रतिशत | - | - | २७ | ३१ | ३४ |
| ३ | सक्रिय खेलाडीको सख्या | प्रतिशत | - | - | ६० | ६५ | ७० |
| | प्रतिफल | | | | | | |
| १ | स्वरोजगार कार्यक्रममा युवाको सहभागिता | सङ्ख्या | - | - | ८० | १२० | १६० |
| २ | उद्यम विकास कार्यक्रममा युवाको सहभागिता | सङ्ख्या | - | - | ४० | ६० | ८० |
| ३ | उद्यमशिलता विकास तालिम प्राप्त युवाको सङ्ख्या | सङ्ख्या | - | - | १०० | १५० | २०० |
| ४ | सीप तालिम प्राप्त युवाको सङ्ख्या | सङ्ख्या | - | - | ७२ | १०० | १५० |
| ५ | खेलकुद विधागत प्रशिक्षण प्राप्त खेलाडी | सङ्ख्या | - | - | ६० | ९० | १२० |
| ६ | युवा व्यायमशाला सङ्ख्या | सङ्ख्या | - | - | ७ | ८ | ९ |
| ७ | लागू औषध सचेतनामूलक कार्यक्रममा सहभागी युवा | सङ्ख्या | - | - | ६२० | ९८० | १२०० |

### ४.३.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ३१: युवा खेलकुद तथा नवप्रवर्तन विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र.स. | कार्यक्रमआयोजना/ | एकाइ | वडा | अवधि सुरु र समाप्ति | जम्मा लक्ष्य | अनुमानित लागत रू हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| ५ | **युवा तथा खेलकुद** | | | | | १२,२७५ | |
| ५.१ | युवा सिप विकास तालिम वार्षिक) (जनालाई ३० | जना | सबै | सालबसालि | ९० | ७२० | युवा सिप विकास तालिम सम्पन्न हुने |
| ५.२ | खेलकुद सामाग्री वितरण कार्यक्रम | पटक | सबै | २०८१८२/ र २०८३८४/ | २ | ३०० | खेलकुद सामाग्री वितरण कार्यक्रम संचालन हुने |
| ५.३ | खेलाडी तथ्यांकन व्यवस्थापन योजना | पटक | सबै | २०८१८२/ | १ | १०० | खेलाडी तथ्यांकन व्यवस्थापन सहयोग कार्यक्रम सम्पन्न हुने |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.४ | खेलाडी सम्मान तथा पुरस्कार कार्यक्रम | जना | सबै | सालबसालि | १८ | ९०० | खेलाडी सम्मान तथा पुरस्कार कार्यक्रम संचालन हुने |
| ५.५ | खेलाडी सुधार प्रशिक्षण कार्यक्रम | पटक | सबै | २०८१८२/ र २०८३८४/ | २ | २०० | खेलाडी सुधार प्रशिक्षण कार्यक्रम संचालन हुने |
| ५.६ | लागु औषध र मादक पदार्थ नियन्त्रण कार्यक्रम | पटक | सबै | सालबसालि | ३ | ३०० | लागु औषध र मादक पदार्थ नियन्त्रण कार्यक्रम संचालनमा आउने |
| ५.७ | लागु औषध र मादक पदार्थ बिरुद्ध सूचना शिक्षा संचार कार्यक्रम | पटक | सबै | सालबसालि | ३ | १०५ | लागु औषध र मादक पदार्थ बिरुद्ध सूचना शिक्षा संचार कार्यक्रम संचालनमा आउने |
| ५.८ | परम्परागत पेशाको व्यवसायीकरण तालिम | जना | सबै | सालबसालि | ३० | ४५० | परम्परागत पेशाको व्यवसायीकरण तालिम सम्पन्न हुने |
| ५.९ | विवध क्षेत्रका उत्कृष्ट युवा र स्रष्टाहरुको पहिचान गरि प्रोत्साहन र पुरस्कार प्रदान कार्यक्रम | जना | सबै | सालबसालि | १८ | ९०० | विभिन्न क्षेत्रका उत्कृष्ट युवा र स्रष्टाहरुको पहिचान गरि प्रोत्साहन र पुरस्कार प्रदान कार्यक्रम संचालन गरिने |
| ५.१० | पालिका स्तरीय खेलकुद कार्यक्रममा प्रोत्साहन तथा समावेश कार्यक्रम | पटक | सबै | सालबसालि | ३ | ३०० | पालिका स्तरीय खेलकुद कार्यक्रममा प्रोत्साहन तथा समावेश कार्यक्रम संचालनमा आउने |
| ५.११ | घ्यांग फेदी खेल मैदान अध्ययन तथा निर्माण | मी | १ | २०८१ ८२/ र ८३/२०८२ | १ | १५०० | घ्यांग फेदी खेल मैदान अध्ययन तथा निर्माण संचालन देखि सम्पन्न हुने |
| ५.१२ | उचिव खेल मैदान निर्माण (भलिबल) | गोटा | २ | २०८२८३/ | १ | १००० | उचिव खेल मैदान निर्माण संचालन देखि सम्पन्न हुने |
| ५.१३ | पुरगाउँ खेल मैदान निर्माण तथा व्यवस्थापन | गोटा | ४ | २०८१८२/ | १ | १००० | पुरगाउँ खेल मैदान निर्माण तथा व्यवस्थापन हुने |
| ५.१४ | काफल डाँडा खेलकूद मैदान भौतिक संरचना निर्माण | गोटा | ५ | २०८३८४/ | १ | १५०० | काफल डाँडा खेलकूद मैदान भौतिक संरचना निर्माण संचालन देखि सम्पन्न हुने |
| ५.१५ | बालकुमारी कबर्ड हल निर्माण सहयोग | गोटा | ५ | २०८२८३/ र २०८३८४/ | १ | ३००० | बालकुमारी कबर्ड हल निर्माण सहयोग सम्पन्न हुने |

### ४.३.९ अनुमान तथा जोखिम पक्ष

युवा, खेलकुद र नवप्रवर्तन क्षेत्रमा समावेश गरिएका कार्यक्रम तथा विनियोजन गरिएका बजेटको कार्यान्वयन सुचारु भएको हुने अनुमान गरिएको छ। युवा तथा खेलकुद क्षेत्रमा सञ्चालन गरिने कार्यक्रमहरूमा युवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न सकिने अनुमान गरिएको छ।

## ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ४.४.१ पृष्ठभूमि

नेपालको कानुनले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ। नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को अनुमोदन तथा दिगो विकासका लक्ष्यमा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ। महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रकृयामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ।

महिला, बालबालिका तथा अन्य लक्षित वर्गहरुको विकासमा मुलप्रवाहीकरण गर्ने कार्य गाउँपालिकाको जिम्मेवारीभित्र पर्दछ। यसकारण, यी लक्षित वर्गहरुको विकासका सम्भावना, अवसर, समस्या र चुनौतीहरुको लेखाजोखा गरी आवश्यक रणनीति तथा कार्यनीतिहरु योजनामा समावेश गरिएको छ।

### ४.४.२ समस्या तथा चुनौती

महिला, बालबालिका तथा अन्य विपन्न वर्गहरूको विकासको क्षेत्रमा विभिन्न समस्या र चुनौतीहरू रहेका छन्। महिला, बालबालिका तथा अन्य लक्षित वर्गहरूमा सामाजिक तथा आर्थिक विकास र सहभागिता सम्बन्धमा न्यून चेतना हुनु, महिला तथा बाल हिंसाका घट्नाहरू घटिरहनु, लक्षित वर्गका कार्यक्रमहरूमा न्यून बजेट विनियोजन हुन, लक्षित वर्गका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु जस्ता समस्याहरू रहेका छन्। साथै महिला, बालबालिका तथा लक्षित वर्गको क्षेत्रमा विविध चुनौतीहरू पनि रहेका छन्। महिला तथा बाल हिंसा सुन्य बनाउनु, महिलाहरूको आर्थिक अवस्था सुधार गर्नु, महिलाहरूलाई नेतृत्व तहमा स्थापित गर्नु, बालबालिकाहरूलाई कुलत र दूर्व्यसनीबाट जोगाउनु, बालबिवाहका घट्नाहरू सुन्य बनाउनु, अपांगता भएको व्यक्तिहरूको सामाजिक आर्थिक सशक्तीकरण गर्नु जस्ता चुनौतीहरू रहेका छन्।

### ४.४.३ सोच

“महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गतामैत्री दुप्चेश्वर गाउँपालिका निर्माण”

### ४.४.४ उद्देश्य

क) महिला, बालबालिका तथा अन्य बञ्चितीकरणमा परेका समुदायको सशक्तीकरण र विकासमा सहभागिता अभिवृद्धि गर्नु ।

### ४.४.५ रणनीति

क) महिला तथा लैंगिक अल्पसंख्यक हिंसामूक्त समाजको निर्माण गरी लैंगिक समानता कायम गर्ने,
ख) बाल अधिकारको संरक्षण गर्दै विकासमा बालबालिकाको अर्थपूर्ण सहभागिता बढाउने,
ग) दलित र उत्पीडित वर्गको सशक्तीकरण गरी विकासमा समानुपातिक सहभागिता अभिवृद्धि गर्ने,
घ) जेष्ठ नागरिकहरूलाई आधारभूत सेवामा पहुँच अभिवृद्धि गराउने,
ङ) अपांगता भएको नागरिकहरूको सशक्तीकरण र विकासमा सहभागिता बढाउने,
च) आदिबासी जनजातिहरूको सशक्तीकरण र विकासमा सहभागिता बढाउने,
छ) विपन्न तथा लोपन्मुख जातजातिहरुलाई सशक्तीकरण र विकासमा सहभागिता बढाउने,

### ४.४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ४२: महिला बालबालिका तथा लक्षित वर्ग विकासका विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | लैंगिक सशक्तीकरण सूचकाङ्क | सूचकाङ्क | - | - | ०.९३५ | ०.९४९ | ०.९६५ |
| २ | लैंगिक असमानता सूचकाङ्क | सूचकाङ्क | - | - | ०.३०२ | ०.३२२ | ०.३४२ |
| ३ | निर्वाचित पदाधिकारीमा महिलाको सहभागिता | प्रतिशत | - | - | २९. | ३३. | ३७. |
| ४ | महिला र पुरुष बीच ज्याला दरको अनुपात | प्रतिशत | - | - | ०.९५ | ०.९७ | ०.९९ |
| ५ | महिलाहरूको नाममा घरजग्गा रहेको परिवार | प्रतिशत | - | - | १८.९ | २१.५ | २३.९ |
| ६ | जीवनकालमा शारीरिक मानसिक र यौनहिंसा पीडित महिला | प्रतिशत | - | - | ०.७ | ०.५ | ०.२ |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | गत आ. व. मा शारीरिक मानसिक र यौनहिंसा पीडित महिला | प्रतिशत | - | - | | | |
| | प्रतिफल | | | | | | |
| १ | १५ देखि १९ वर्ष उमेर समुहका विवाहित किसोरी | सङ्ख्या | - | - | | | |
| २ | लैंगिक समानता सम्बन्धि सचेतनात्मक कार्यक्रमवाट लाभान्वित महिला | प्रतिशत | - | - | २५० | ३८० | ४७० |
| ३ | स्थानिय तहमा लैंगिक हिंसाका घट्ना | सङ्ख्या | - | - | १.५ | १ | ०.५ |
| ४ | लैंगिक हिंसा विरुद्ध सुन्य सहनशिलता लागू भएको | भएको/नभएको | नभएको | भएको | भएको | भएको | भएको |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण | भएको/नभएको | नभएको | भएको | भएको | भएको | भएको |
| ६ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति लागू | भएको/नभएको | नभएको | भएको | भएको | भएको | भएको |
| ७ | बालक्लबको सङ्ख्या | सङ्ख्या | - | - | ५० | ७५ | ९३ |
| ८ | बालहिंसाका घट्ना | सङ्ख्या | - | - | २ | १ | ०.५ |
| ९ | बाल विवाहको घट्ना | सङ्ख्या | - | - | ३ | २ | १ |
| १० | दलित बालबालिकाको विद्यालय भर्ना दर | प्रतिशत | - | - | ९७ | ९८ | ९९ |
| ११ | क्षमता विकास कार्यक्रममा सहभागी दलित जनसङ्ख्या | सङ्ख्या | - | - | १२० | १७० | २२० |
| १२ | पञ्जिकरण भई परिचयपत्र पाएका मजदुर सङ्ख्या (हजारमा) | सङ्ख्या | - | - | ४ | ६ | ८ |
| १३ | स्वास्थ्य सेवाबाट लाभान्वित जेष्ठ नागरिक | प्रतिशत | - | - | ६५ | ७७ | ९० |
| १४ | आय आर्जन तथा सीपमूलक तालिममा सहभागी अपांगता भएको व्यक्ति | सङ्ख्या | - | - | ४० | ६० | ८० |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१५** | स्वास्थ्य उपचार सहयोग पाउने अपांगता भएको व्यक्ति | सङ्ख्या | - | ४० | ८० | १२० | १६० |
| **१६** | क्षमता विकास कार्यक्रममा सहभागी आदिबासी जनसङ्ख्या | सङ्ख्या | - | ४० | ८० | १२० | १६० |
| **१७** | क्षमता विकास कार्यक्रममा सहभागी विपन्न खस जनसङ्ख्या | सङ्ख्या | - | ४० | ८० | १२० | १६० |

### ४.४.७ कार्यक्रम/आयोजनाको विवरण

तालिका ४४: महिला बालबालिका तथा लक्षित वर्ग विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र.स. | कार्यक्रमआयोजना/ | एकाइ | वडा | अवधि सुरु र समाप्ति | जम्मा लक्ष्य | अनुमानित लागत रू हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| ४.० | **महिला तथा वालवालिका तथा लक्षित वर्ग** | | | | | ९,५८० | |
| ४.१ | महिला हिंसा विरुद्धको अभियान (वार्षिक) | पटक | सबै | २०८१८२/ र २०८३८४/ | २ | २०० | महिला हिंसा विरुद्धको अभियान सुचारु हुनेछ |
| ४.२ | महिला जनप्रतिनिधि क्षमता विकास (जनालाई ३० कम्तिमा) | जना | सबै | २०८१८२/ | ३० | ३०० | सामहिला जनप्रतिनिधि क्षमता विकास तालिम सम्पन्न हुनेछ |
| ४.३ | महिला क्षमता अभिवृद्धि तथा सशक्तीकरण कार्यक्रम (कम्तिमा ६० जनालाई( | जना | सबै | सालबसालि | ९० | ९०० | महिला क्षमता अभिवृद्धि तथा सशक्तीकरण कार्यक्रम सम्पन्न हुनेछन |
| ४.४ | लैङ्गिक हिंसा न्यूनीकरण कार्यक्रम (वार्षिक) | पटक | सबै | सालबसालि | ३ | १५० | लैङ्गिक हिंसा न्यूनीकरण कार्यक्रम सम्पन्न हुनेछ |
| ४.५ | किशोरी आत्मरक्षा कार्यक्रम कम्तिमा) (जनालाई ६० | जना | सबै | सालबसालि | ६० | ६०० | किशोरी आत्मरक्षा कार्यक्रम सम्पन्न हुने र संचालनमा आउने। |
| ४.६ | बाल क्लब र क्षमता विकास कार्यक्रम | जना | सबै | सालबसालि | ६० | ६०० | बाल क्लब व्यवस्थापन तथा अनुदान कार्यक्रम सम्पन्न हुनेछ |
| ४.७ | पालिका स्तरीय बाल प्रतिभा प्रोत्शाहन कार्यक्रम(जनालाई ६० कम्तिमा) | जना | सबै | सालबसालि | ६० | ४८० | बाल क्लब र क्षमता विकास प्रोत्साहन भई संचालन हुने। |
| ४.८ | बाल मैत्री स्थानीय शासन घोषणा र निरन्तरता | पटक | सबै | २०८१८२/ | १ | ३०० | बाल मैत्री स्थानीय शासन घोषणा र निरन्तरता हुनेछ |
| ४.९ | दलित, आदिबासी, उत्पीडित वर्ग क्षमता विकास कार्यक्रम १५० कम्तिमा) (जनालाई | जना | सबै | सालबसालि | १५० | १२०० | दलित, आदिबासी, उत्पीडित वर्ग क्षमता विकास कार्यक्रम सुचारु हुने |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.१० | जेष्ठनागरिकद्वारा पुस्ता हस्तान्तरण कार्यक्रम | पटक | सबै | सालबसालि | ३ | १५० | जेष्ठनागरिकद्वारा पुस्ता हस्तान्तरण कार्यक्रम सहभागी हुनेछन |
| ४.११ | जेष्ठनागरिक औषधी तथा आकस्मिक सहयोग | पटक | सबै | सालबसालि | ३ | ६०० | जेष्ठनागरिक औषधी तथा आकस्मिक सहयोग संचालन र सम्पन्न हुनेछ |
| ४.१२ | अपाङ्गता भएको व्यक्ति आय आर्जन तथा सिपमुलक तालिम ६० कम्तिमा) जनालाई( | जना | सबै | सालबसालि | ६० | १२०० | अपाङ्गता भएको व्यक्ति आय आर्जन तथा सिपमुलक तालिम ६० कम्तिमा) जनालाई ( संचालन र सम्पन्न हुनेछ |
| ४.१३ | अपाङ्गता भएको व्यक्ति सम्मान तथा संरक्षण कार्यक्रम १५ कम्तिमा) (जनालाई | जना | सबै | सालबसालि | १५ | ७५० | अपाङ्गता भएको व्यक्ति आय आर्जन तथा सिपमुलक तालिम सम्पन्न हुनेछ |
| ४.१४ | विपन्न नागरिक स्वास्थ्य बिमा तथा आर्थिक सहयोग कार्यक्रम कम्तिमा) (जनालाई ४० | जना | सबै | २०८२८३/ र २०८३८४/ | ४० | २००० | विपन्न नागरिक स्वास्थ्य बिमा तथा आर्थिक सहयोग कार्यक्रम संचालन हुनेछ |
| ४.१५ | वाल विवाह सम्बन्धि जनचेतना कार्यक्रम | पटक | सबै | २०८३८४/ | १ | १५० | वाल विवाह सम्बन्धि जनचेतना कार्यक्रम संचालन सुरू हुनेछ। |

### ४.४.९ अनुमान तथा जोखिम पक्ष

महिला, बालबालिका तथा लक्षित वर्ग क्षेत्रमा समावेश गरिएका कार्यक्रमहरूमा अनुमान गरिएको बजेट सहजरुपमा प्राप्त हुने र कार्यक्रमहरू सुचारुरुपमा कार्यान्वयन हुने अनुमान गरिएको छ। यस क्षेत्रका कार्यक्रमहरूमा लक्षित वर्गको सक्रिय सहभागिता रहेको हुने अनुमान गरिएको छ।

## ४.५ खानेपानी तथा सरसफाइ

### ४.५.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार दुप्चेश्वर गाउँपालिकामा ९२.५३ प्रतिशत घरधुरीको खानेपानीको स्रोत पाइपबाट वितरित पानी रहेको छ भने करिब २४.४ प्रतिशत घरधुरीको पानीको स्रोत कम्पाउण्ड भित्रैको पाइपधारा छ। त्यस्तै ५.५ प्रतिशत मूलको पानी उपभोग गरिरहेका छन्। १.८ प्रतिशत घरधुरीले ढाकिएको इनार वा कुवा बाट खानेपानी उपभोग गरिरहेका छन्। त्यस्तै यस गाउँपालिकामा ६४.८७ प्रतिशत घरधुरीमा फ्लस भएको (सेप्टिक ट्याङ्क) सहितको शौचालय प्रयोगमा भएको देखिन्छ। त्यस्तै २८.७५ प्रतिशत घरधुरीमा साधारण शौचालय प्रयोगमा रहेको छ । अझै पनि १.३४ प्रतिशत घरपरिवारमा चर्पी नभएको अवस्था देखिन्छ । यस

गाउँपालिका खुला दिशामुक्त घोषणा भईसकेको छ। गाउँपालिकाको वडा नं. ४ को जिन्दाङ्गमा डम्पिङ्ग साईट रहेको छ भने सरसफाई सम्बन्धी सचेतना क्रमश: वृद्धि हुँदै गएको छ।

### ४.५.२ समस्या तथा चुनौती

यस गाउँपालिकाको खानेपानीका मुहान तथा स्रोतहरूलाई प्राकृतिक तथा मानवीय क्रियाकलापले समस्यामा पारेका छन्। जथाभावी सडक तथा अन्य संरचनाहरू निर्माण कार्यले पानीका मुहानहरू सुक्ने र दब्ने समस्या रहेको छ। पानीका मुहानहरूको संरक्षण र सरसफाइ भएको छैन। भैरहेका खानेपानी आयोजनाहरूको उचित व्यवस्थापन नभएको देखिन्छ। गाउँपालिकाबासीहरूमा सरसफाइ सम्बन्धी चेतनाको कमी रहेको देखिन्छ। यसर्थ खानेपानी तथा सरसफाइमा केही चुनौतीहरू पनि रहेका छन्। सबै घरधुरीहरूमा सुरक्षित खानेपानीको दिगो पहुँचको विस्तार गर्नु, खानेपानीको स्रोतको संरक्षण गर्नु, व्यवस्थित सहर बनाउनु, भूमिहिन र विपन्न वर्गहरूको व्यवस्थित आवास निर्माण गर्नु र फोहोरको उचित विसर्जन र उपयोग गर्ने कार्यलाई दिगो रुपमा सञ्चालन गर्नु आदि चुनौतीहरू रहेका छन्।

### ४.५.३ सोच

गाउँपालिकाबासीको सफा खानेपानीमा पहुँच र पूर्ण सरसफाइमा जिम्मेवारी

### ४.५.४ उद्देश्य

गाउँपालिकाबासीहरूलाई सफा खानेपानीमा पहुँच र पूर्ण सरसफाइमा जिम्मेवार तुल्याउने।

### ४.५.५ रणनीति

क) गाउँपालिका क्षेत्रमा हाल सञ्चालनमा रहेका खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्ने,
ख) गाउँपालिकामा पूर्ण सरसफाइ अभियान सञ्चालन गर्ने,
ग) गाउँपालिका पूर्ण सरसफाइका लागि समन्वय र साझेदारी गर्ने।

### ४.५.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ४५: खानेपानी तथा सरसफाइ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत स्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | - | - | ८० | ९० | १०० |
| २ | पूर्णरुपमा सञ्चालित खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | - | - | ८० | ९० | १०० |
| ३ | आधारभूत स्तरको सरसफाइ सेवाबाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | - | - | ५६ | ६१ | ६६ |
| ४ | सुधारिएको सरसफाइ सेवाबाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | - | - | ३० | ४० | ५० |
| | प्रतिफल | | | | | | |
| १ | खानेपानीका प्राकृतिक स्रोत तथा मुहान संरक्षण | सङ्ख्या | | - | ५ | ९ | १३ |
| २ | खानेपानी गुणस्तर सुधार कार्यक्रम | सङ्ख्या | - | - | २ | २ | ३ |
| ३ | तालतलैया संरक्षण, नदीनालाको पानीको गुणस्तर सुधार | सङ्ख्या | - | - | २ | ३ | ४ |
| ४ | खानेपानीका गुणस्तर परीक्षण पूर्वाधार | सङ्ख्या | - | - | १ | १ | १ |
| ५ | पूर्ण सरसफाइ सचेतनामूलक तालिममा सहभागी सङ्ख्या | सङ्ख्या | - | - | १५० | २०० | २५० |
| ६ | फोहोर ढुवानी गाडी सञ्चालन | सङ्ख्या | - | - | ३ | ३ | ४ |
| ७ | फोहोर प्रसोधन केन्द्र निर्माण र संचालन | सङ्ख्या | - | - | १ | १ | १ |

### ४.५.७ कार्यक्रम/आयोजनाको विवरण

तालिका ४७: खानेपानी तथा सरसफाइ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र.स. | कार्यक्रमआयोजना/ | एकाई | वडा | अवधि सुरु र समाप्ति | जम्मा लक्ष्य | अनुमानित लागत रू हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| **३** | **खानेपानी, सरसफाई र स्वच्छता** | | | | | **२०,०७०** | |
| ३.१ | खानेपानी ऊपभोक्ता समितिलाई नियमनको लागि नीति, नियेम, रणनिति योजना खासस्व तयारी | गोटा | सबै | २०८१ ८२/ र ८३/२०८२ | १ | १,५०० | खानेपानी ऊपभोक्ता समितिलाई नियमनको लागि नीति, नियेम, रणनिति योजना खासस्व तयारी सम्पन्न हुनेछ |
| ३.२ | खानेपानी गुणस्तर परिक्षण कार्यक्रम | पटक | सबै | सालबसालि | ३ | १,५०० | खानेपानी गुणस्तर परिक्षण कार्यक्रम सम्पन्न भई नागरिक लाभान्वित हुनेछन |
| ३.३ | पूर्ण सरसफाई सचेतनामुलक कार्यक्रम | पटक | सबै | २०८१८२/ | १ | ३०० | पूर्ण सरसफाई सचेतनामुलक कार्यक्रम सम्पन्न हुनेछ |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.६ | खानेपानीमा गुणस्तर तथा मुहान संरक्षण सम्बन्धि अभिमुखीकरण | पटक | सबै | २०८१८२/ र २०८३८४/ | २ | १,२०० | खानेपानीमा गुणस्तर तथा मुहान संरक्षण सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भई व्यवस्थापन गरिने |
| ३.७ | खानेपानीको समस्या भएका टोल बस्तीहरुका लागि नयाँ स्रोतको पहिचान कार्यक्रम | पटक | सबै | सालबसालि | १ | २,००० | खानेपानीको समस्या भएका टोल बस्तीहरुका लागि नयाँ स्रोतको पहिचान कार्यक्रम अध्ययन सम्पन्न भई व्यवस्थापन गरिने |
| ३.८ | वडा १मा एक घर एक धारा बृहत खानेपानि योजनालाई पूर्णरुपमा निर्माण तथा संचालन | घरधुरी | १ | २०८१ ८२/ र ८३/२०८२ | २२० | २,२०० | वडा १मा एक घर एक धारा बृहत खानेपानि योजनालाई पूर्णरुपमा निर्माण तथा संचालन हुनेछ |
| ३.९ | कल्लेरी दोरदोरे खानेपानी मर्मत तथा व्यवस्थापन | घरधुरी | ३ | २०८१ ८२/ र ८३/२०८२ | २५० | १,२५० | कल्लेरी दोरदोरे खानेपानी मर्मत तथा व्यवस्थापन सम्पन्न र संचालन हुनेछ |
| ३१. | गैरी टोल खानेपानी आयोजना निर्माण | घरधुरी | ४ | २०८३८४/ | ६२ | ६२० | गैरी टोल खानेपानी आयोजना निर्माण सम्पन्न र संचालन हुनेछ |
| ३११. | वडा ७मा एक घर एक धारा बृहत खानेपानि योजना संचालन | घरधुरी | ७ | सालबसालि | ९५० | ९,५०० | वडा ७मा एक घर एक धारा बृहत खानेपानि योजना सम्पन्न र संचालन हुनेछ |

### ४.५.९ अनुमान तथा जोखिम पक्ष

खानेपानी तथा सरसफाइ क्षेत्रमा समावेश गरिएका कार्यक्रमहरूका लागि अनुमान गरिएको बजेट सम्बन्धीत स्रोतहरूबाट सहजरुपमा प्राप्त हुने अनुमान गरिएको छ। साथै कार्यक्रमहरूको कार्यान्वयन सुचारु रुपमा हुने अनुमान गरिएको छ।

## ४.५ संस्कृति संरक्षण र विकास

### ४.५.१ पृष्ठभूमि

दुप्चेश्वर गाउँपालिका ऐतिहासिक, धार्मिक र साँस्कृतिक महत्व बोकेको स्थानीय तह हो। तामाङ्ग जातिको विशिष्ट संस्कृति तामाङ्ग घोडा नाच लगायत तामाङ्ग सांस्कृतिक विविधता आदि यस गाउँपालिकाको प्रमुख सांस्कृतिक महत्वका विषयहरु हुन्।

### ४.५.२ समस्या तथा चुनौती

गाउँपालिकामा रहेका स्थानीय संस्कृतिहरूको निरन्तरतामा केही समस्या र चुनौतीहरू रहेका छन् । युवा वर्गमा स्थानीय र पैत्रिक संस्कृति प्रति उदाशिनता रहेको र पश्चिमा संस्कृतिको सिको बिढेको अवस्था छ । साथसाथै स्थानीय संस्कृतिहरू पुरानो जीवनशैली र पेशा व्यवसायमा आधारित रहेको र आधुनिकीकरण नभएको हुँदा यसको निरन्तरतामा समस्या देखा परेको हो । आदिबासीहरूको संस्कृति मौखिक मात्र रहेकोले यसलाई निरन्तरता दिन कठिन भएको छ । यसर्थ गाउँपालिका र गाउँपालिकाबासीलाई स्थानीय संस्कृतिको जगेर्ना र पुस्तान्तरण गर्न चुनौतीको रुपमा रहेको छ ।

### ४.५.३ सोच

स्थानीय संस्कृतिको संरक्षण र सम्वर्द्धन, दुप्चेश्वरबासीको समृद्ध जीवन ।

### ४.५.४ उद्देश्य

क) सांस्कृतिक सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गर्नु,

ख) धार्मिक सम्पदा तथा शक्तिपिठहरूको निर्माण र संरक्षण गर्नु,

ग) सांस्कृतिक तथा धार्मिक पर्यटनको प्रवर्द्धन गर्नु ।

### ४.५.५ रणनीति

क) सांस्कृतिक सम्पदाहरू जस्तै भाषा, धर्म, पर्व, संगीत र नृत्यहरूको संरक्षण र विकास गर्ने,

ख) धार्मिक सम्पदा तथा शक्तिपिठहरूको निर्माण र संरक्षण गर्ने,

ग) सांस्कृतिक तथा धार्मिक पर्यटनको प्रवर्द्धन गर्ने ।

### ४.५.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ४८: संस्कृति संरक्षण र विकास विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | सांस्कृतिक सम्पदा संरक्षण (स्थानीय भाषा, कला, साहित्य, बाजा, गित नृत्य आदि) | सङ्ख्या | - | २ | ६ | १० | १४ |



मध्यमकालीन खर्च संरचना

| | प्रतिफल | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | नौमति बाजा तालिममा सहभागी | सङ्ख्या | - | ५ | १० | १५ | २० |
| २ | सांस्कृतिक गायन र नृत्य तालिममा सहभागी | सङ्ख्या | - | ५ | १० | १५ | २० |
| ३ | स्थानीय भाषा संरक्षण | सङ्ख्या | - | ०.५ | १ | २ | २.५ |
| ४ | स्थानीय संस्कृति संरक्षण | सङ्ख्या | - | १ | २ | ३ | ४ |

### ४.५.७ कार्यक्रम/आयोजनाको विवरण

तालिका ५०: संस्कृति संरक्षण र विकास विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र सं | क्रियाकलापको नाम | अवधि (शुरु र समाप्ति) | इकाई | जम्मा लक्ष्य | अनुमानित लागत रु हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| १ | अन्तरसांस्कृतिक संग्रहालय निर्माण | २०८१/८२ २०८२/८३ | गोटा | २ | १०,००० | अन्तरसांस्कृतिक सग्रहालय निर्माण भएको हुनेछ। |
| २ | दुप्चेश्वरका ख्यातिप्राप्त व्यक्तिहरूको परिचयात्मक पुस्तक प्रकाशन | २०८१/०८२ | गोटा | १ | २०० | दुप्चेश्वरका ख्यातिप्राप्त व्यक्तिहरूको परिचयात्मक पुस्तक प्रकाशन भएको हुनेछ। |
| २ | नौमति बाजा तालिम | २०८०/८१ २०८२/८३ | गोटा | २ | ७२६ | कम्तीमा २० जनाले नौमति बाजा तालिम प्राप्त गर्नेछन्। |
| ३ | सांस्कृतिक सम्पदा संरक्षण (स्थानीय भाषा, कला, साहित्य, बाजा, गित नृत्य आदि) | सालबसाली | गोटा | ३ | २,३०० | सांस्कृतिक सम्पदा (स्थानीय भाषा, कला, साहित्य, बाजा, गित नृत्य आदि) संरक्षण भएको हुनेछ। |

### ४.५.९ अनुमान तथा जोखिम पक्ष

संस्कृति संरक्षण र विकास क्षेत्रका कार्यक्रमहरूको सुचारु कार्यान्वयन हुने अनुमान गरिएको छ। र स्थानीय समुदायहरू पनि संस्कृति संरक्षण र विकासका लागि सक्रिय सहभागी हुने अनुमान गरिएको छ।

मध्यमकालीन खर्च संरचना

# परिच्छेद – ५

# पूर्वाधार क्षेत्र

## ५.१ भवन, आवास, बस्ती तथा सहरी विकास

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानले अव्यवस्थित बसोबासलाई योजनाबद्ध, पूर्ण पूर्वाधार, वातावरणमैत्री तथा नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभुति गरेको छ। दुप्चेश्वर गाउँपालिकामा ९२.३ प्रतिशत घरको छानोको बनोट जस्ता/टिनको रहेको छ। सिमेन्ट ढलान छानो भएको घर ७.५ प्रतिशत छ भने ढुङ्गा/स्लेट छानोको रुपमा प्रयोग गरिएको घर ०.१ प्रतिशत रहेको छ।

### ५.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा भौगोलिक अवस्था जस्तै छरिएर रहेको वस्ती छ। निजी भवनहरू भवन संहिता र सुरक्षित भवनको मापदण्ड अनुसार बनेका छैनन्। यहाको बजारोन्मुख क्षेत्रहरूमा सार्वजनिक शौचालयको अभाव रहेको छ। वस्ती व्यवस्थित भएको छैन, सबै सार्वजनिक भवनहरू लैंगिक तथा अपांगमैत्री भएका छैनन्। यहाँका वडा कार्यालयहरूलाई अझै व्यवस्थित गर्न आवश्यक छ, कृषि उपजका लागि भण्डारण गृह र चिस्यान केन्द्रको अभाव रहेको देखिन्छ। यस गाउँपालिकामा केही चुनौतीहरू पनि रहेका छन्। बजारको सार्वजनिक जग्गामा बसोबास गरेका नागरिकहरूलाई व्यवस्थित गर्नु, परम्परागत बस्तीलाई एकीकृत र सुरक्षित बस्तीमा रुपान्तरण गर्नु, निजी भवनहरूमा भवन संहिता र सुरक्षित भवनको मापदण्ड कार्यान्वयन गर्नु, माग भएका सबै भवनहरूको निर्माण गर्न आवश्यक स्रोत जुटाउनु आदि मुख्य चुनौतीहरू हुन्।

### ५.१.३ सोच

व्यवस्थित बस्ती, आवास, भवन, दुप्चेश्वरबासीको सुरक्षित जीवन।

### ५.१.४ उद्देश्य

क) परम्परागत र अव्यवस्थित बस्तीहरूको सुधार गरी व्यवस्थित बस्ती विकास गर्नु,

ख) स्थानीय आवश्यकता अनुसार सार्वजनिक भवन तथा अन्य पूर्वाधारहरू विकास गर्नु।

### ५.१.५ रणनीति

क) गाउँपालिका क्षेत्रमा अव्यवस्थित तथा विपन्न बस्तीको पहिचान गरी सोको सुधार तथा एकीकृत बस्ती विकास गर्ने ।

ख) गाउँपालिका क्षेत्रमा स्थानीय नागरिकहरूको माग तथा आवश्यकतामा आधारित रही सार्वजनिक भवन तथा पूर्वाधारहरूको निर्माण गर्ने ।

### ५.१.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ५१: भवन आवास बस्ती तथा सहरी विकास विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | एकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | एकीकृत शहरी विकास योजना लागू | भएको/नभएको | भएको | भएको | भएको | भएको | भएको |
| २ | सुरक्षित आवास भएको घरधुरी | सङ्ख्या | - | - | ४० | ६० | ८० |
| ४ | व्यवस्थित बस्ती | सङ्ख्या | - | - | २ | ३ | ४ |
| ५ | एकीकृत आवास क्षेत्र | सङ्ख्या | - | - | ०.४ | ०.६ | ०.८ |
| ६ | सुधारिएको खेल मैदान | सङ्ख्या | - | - | ६.५ | ८ | ९.५ |
| ७ | व्यवस्थित हाटबजार | सङ्ख्या | - | - | २ | २ | २ |
| १० | लैंगिक तथा अपांगमैत्री सार्वजनिक भवन | सङ्ख्या | - | - | २ | २ | २ |
| ११ | सार्वजनिक शौचालय | सङ्ख्या | - | - | १ | १ | १ |
| १२ | कृषि भवन तथा चिस्यान केन्द्र | सङ्ख्या | - | - | ० | ० | १ |
| १३ | भवन सुविधा सम्पन्न स्वास्थ्य संस्था | सङ्ख्या | - | - | १ | २ | ३ |
| | प्रतिफल | | | | | | |
| २ | सुरक्षित आवास प्राप्त गर्ने घरधुरी | सङ्ख्या | - | - | ४० | ६० | ८० |
| ३ | जस्तापाता सहयोग प्राप्त गर्ने घरधुरी | सङ्ख्या | - | - | ४० | ६० | ८० |
| ४ | व्यवस्थित बस्ती निर्माण | सङ्ख्या | - | - | १ | १ | २ |
| ५ | एकीकृत आवास निर्माण | सङ्ख्या | - | - | ० | ० | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **६** | नयाँ र सुधारिएको खेल मैदान निर्माण | सङ्ख्या | - | - | ४ | ६ | ८ |
| **७** | हाटबजार सुधार पूर्वाधार | सङ्ख्या | - | - | २ | २ | २ |
| **१०** | लैंगिक तथा अपांगमैत्री सार्वजनिक भवन निर्माण | सङ्ख्या | - | - | २ | २ | ३ |
| **११** | सार्वजनिक शौचालय निर्माण | सङ्ख्या | - | - | १ | १ | १ |
| **१२** | कृषि भवन तथा चिस्यान केन्द्र निर्माण | सङ्ख्या | - | - | ० | ० | १ |
| **१३** | स्वास्थ्य संस्था भवन निर्माण | सङ्ख्या | - | - | १ | २ | ३ |

### ५.१.७ कार्यक्रम/आयोजनाको विवरण

तालिका ५३: भवन आवास बस्ती तथा सहरी विकास विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र.स. | कार्यक्रमआयोजना/ | एकाइ | वडा | अवधि सुरु र समाप्ति | जम्मा लक्ष्य | अनुमानित लागत रू हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| **१** | **बस्ती, आवास, भवन तथा सार्बजनिक निर्माण** | | | | | ३५,००० | |
| १.१ | विपन्न घरधुरीलाई जस्तापाता अनुदान (जना३० वार्षिक) | जना | सबै | सालबसालि | ९० | २,७०० | विपन्न घरधुरीलाई जस्तापाता अनुदान कार्यक्रम सम्पन्न हुनेछ |
| १.२ | एकीकृत आवास क्षेत्र निर्माण (सांझेदारी) | गोटा | सबै | २०८३८४/ | ० | २,००० | एकीकृत आवास क्षेत्र निर्माण सहयोग संचालन हुनेछ |
| १.३ | वस्ती सुधार कार्यक्रम | गोटा | सबै | २०८३८४/ | १ | २,००० | वस्ती सुधार कार्यक्रममा सहयोग संचालन हुनेछ |
| १.४ | जडिबुटी प्रसोधन भवन तथा प्रसोधन मसिन सहयोग | गोटा | १ | २०८१ ८२/ र ८३/२०८२ | १ | ३,००० | जडिबुटी प्रसोधन भवन तथा प्रसोधन मसिन सहयोग कार्यक्रम संचालन हुने |
| १.५ | विभिन्न क्षेत्रमा प्रतिक्षालय निर्माण योजना | गोटा | १,३,५ | २०८१ ८२/ र ८३/२०८२ | ५ | ६,००० | विभिन्न क्षेत्रमा प्रतिक्षालय निर्माण योजना संचालन हुने |
| १.६ | वडा ४ मा वडा भवन निर्माण योजना | गोटा | ४ | २०८१ ८२/ र ८३/२०८२ | १ | ३,००० | वडा ४मा वडा भवन निर्माण योजना सम्पन्न र व्यवस्थापन हुने |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.७ | सामुदायिक भवन निर्माण ६)कोठे ( (सांझेदारी) | गोटा | १,२,४,६ | २०८२८३/ र २०८३८४/ | ३ | ६,००० | सामुदायिक भवन निर्माण सम्पन्न र व्यवस्थापन हुने |
| १.८ | वोलगाउँ सामुदायिक भवन मर्मत तथा ढलान र टाइल व्यवस्थापन | गोटा | २ | २०८१ ८२/ र ८३/२०८२ | १ | १,५०० | वोलगाउँ सामुदायिक भवन मर्मत तथा ढलान र टाइल सम्पन्न र व्यवस्थापन हुने |
| १.९ | वडा कार्यालय संरक्षण तथा व्यवस्थापन (मेसिनरी वाल) | गोटा | २,७ | २०८१ ८२/ र ८३/२०८२ | २ | १,००० | वडा कार्यालय संरक्षण तथा व्यवस्थापन गरिने |
| १.१० | दलित तथा विपन्न वस्तीलाई एकीकृत वस्ती अध्ययन तथा निर्माण सांझेदारी | गोटा | ३ | २०८१८२/ र २०८३८४/ | २ | ४,००० | दलित तथा विपन्न वस्तीलाई एकीकृत वस्ती अध्ययन तथा निर्माणमा सहयोग गरिने |
| १.११ | होइमाङ २ कोठे सामुदायिक भवन निर्माण | गोटा | ४ | २०८१८२/ | १ | ६०० | होइमाङ २ कोठे सामुदायिक भवन निर्माण सम्पन्न र व्यवस्थापन हुने |
| १.१२ | दुप्चेश्वर मन्दिरमा २० कोठे धर्मशाला निर्माण(सांझेदारी) | गोटा | ६ | २०८३८४/ | १ | २,००० | दुप्चेश्वर मन्दिरमा २० कोठे धर्मशाला निर्माण सम्पन्न र व्यवस्थापन हुने |
| १.१३ | नमुना बस्ति निर्माण कोठा १५०)) (७५ परिवारको लागि अध्ययन( | गोटा | ७ | २०८१८२/ | १ | १,२०० | नमुना बस्ति निर्माणको लागि अध्ययन सम्पन्न हुने |

### ५.१.९ अनुमान तथा जोखिम पक्ष

भवन आवास बस्ती तथा सहरी विकासका क्षेत्रमा समावेश गरिएका कार्यक्रमहरू बजेटको सहज उपलब्धता हुने अनुमान गरिएको छ। यस क्षेत्रका कार्यक्रमहरूमा गाउँपालिकाबासीहरूको सक्रिय सहभागिता हुने अनुमान गरिएको छ।

## ५.२ सडक, पुल तथा यातायात व्यवस्था

### ५.२.१ पृष्ठभूमि

गाउँपालिकाको भौतिक पूर्वाधार विकासको क्षेत्रमा सडक पुल तथा यातायात व्यवस्था मुख्य क्षेत्रको रुपमा रहेको छ। गाउँपालिकामा कुल ०.५ कि.मि पक्की सडक, ११.५ कि.मि ग्राभेल सडक, २७० कि.मि कच्ची सडक रहेको छ र ४ वटा पक्की पुल रहेको छ। ७ वटै वडा सडकले छोएको छ। १२ कि.मि सडकमा नालाको व्यवस्था रहेको छ। कुल ४५ वटा झोलुंगे पुल रहेको छन्। यस गाउँपालिकाको सडक पुल तथा यातायात क्षेत्रलाई हेर्ने हो

मध्यमकालीन खर्च संरचना

भने अति प्रारम्भिक चरणमा रहेको पाइन्छ। कच्ची ग्राभेल र ग्राभेल नभएको कच्ची सडकहरू वर्षातको समयमा सञ्चालनमा ल्याउन अति कठिन र मर्मत सम्भारमा बढी खर्चालु भएका छन्। गाउँपालिकाको भूमि पहाडी भौगोलिक क्षेत्रमा रहेको र सबै सडकहरू कच्ची रहेका छन्। तैपनि यी गाउँपालिकाका सबै वडाहरू सडक सञ्जालबाट जोडिएका छन्। गाउँपालिकाको आगामी कार्य गाउँपालिकाका ग्राभेल र कच्ची सडकहरूको स्तरोन्नती गर्दै लैजानुपर्ने देखिन्छ। साथै सडकका आवश्यक स्थानहरूमा पुल, कलभर्ट, ह्युमपाइप आदिको व्यवस्था गरी यातायातलाई सुचारु गर्नुपर्ने आवश्यकता रहेको छ।

**५.२.२ समस्या तथा चुनौती**

सडक पुल तथा यातायात क्षेत्रमा केही समस्या तथा चुनौतीहरू रहेका छन्। गाउँपालिकाका वडाहरूमा सडक कालोपत्रे भएको छैन। पहाडी वडाहरूमा वर्षातको समयमा बाढी पहिरोको कारण सडकहरू अवरुद्ध भैरहने र खोलानालामा पक्की पुलको अभावले नियमित यातायात सञ्चालन गर्न समस्या रहेको छ। गाउँपालिकाको सीमित स्रोतको अभावमा ग्राभेल र कच्ची सडकहरूको स्तरोन्नति गर्ने कार्य चुनौतीको रुपमा रहेको छ। पहाडी क्षेत्रका सडकहरू वर्षैभरी सञ्चालनमा ल्याउन एक प्रमुख चुनौती रहेको छ। साथसाथै मध्यपहाडी भण्डारी लोकमार्गका सडक संरचनालाई दीर्घकालीन प्रयोग गर्नु समेत चुनौती रहेको छ।

**५.२.३ सोच**

गाउँपालिकामा सडक तथा पुलको गुणस्तरीय विकास, दुप्चेश्वरबासीको आर्थिक समृद्धिको निकास।

**५.२.४ उद्देश्य**

क) गाउँपालिकाका सबै वडा र टोल बस्तीहरूमा सडकको पहुँच विस्तार गर्नु,
ख) सडकको क्षमता र गुणस्तर सुधार गर्नु,
ग) आवश्यक स्थानहरूमा पुल, ढल, ह्युमपाईप, कलभर्ट आदि निर्माण गरी यातायात सुचारु गर्नु।

**५.२.५ रणनीति**

क) सडक सञ्जालले नछोएका बस्तीहरूमा सडकको नयाँ ट्र्याक खोल्ने तथा सञ्चालित सडकहरूको स्तरोन्नति गर्ने,
क) सडक कालोपत्रे तथा स्तरोन्नती गर्ने,

ख) सडकका आवश्यक स्थानहरूमा पुल, ढल, ह्युमपाईप, कलभर्ट आदि निर्माण गरी यातायातलाई सुचारु गर्ने ।

### ५.२.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ५४: सडक तथा यातायात व्यवस्था विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच गरेको घरधुरी | प्रतिशत | - | - | ८३ | ८६ | ९९ |
| २ | कालोपत्रे सडक - चार लेन | कि. मि. | - | - | ० | ० | ० |
| ३ | कालोपत्रे सडक - दुई लेन | कि. मि. | - | - | २० | २५ | ३० |
| ४ | कच्ची ग्राभेल सडक | कि. मि. | - | - | २७० | २८० | २९० |
| ५ | कच्ची ग्राभेल नभएको सडक | कि. मि. | - | - | | | |
| ६ | पक्की पुल | सङ्ख्या | - | - | ६ | ६.५ | ७ |
| ७ | झोलुङ्गे पुल | सङ्ख्या | - | - | १२ | १३ | १३.५ |
| ८ | कलभर्ट | सङ्ख्या | - | - | २९ | ३१ | ३३ |
| ९ | पक्की ड्रेन | कि. मि. | - | - | ३० | ३५ | ४० |
| | प्रतिफल | | | | | | |
| १ | नयाँ सडक निर्माण (कालोपत्रे) | कि. मि. | - | - | १६.७ | २०.४ | २४ |
| २ | नयाँ सडक निर्माण (ग्राभेल र कच्ची) | कि. मि. | - | - | ४० | ६० | ८० |
| ३ | सडक बिस्तार तथा स्तरोन्नति (कालोपत्रे) | कि. मि. | - | - | १३ | १९ | २३ |
| ४ | सडक बिस्तार तथा स्तरोन्नति (ग्राभेल) | कि. मि. | - | - | ६५ | ७९ | ९५ |



मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | पक्की पुल निर्माण | सङ्ख्या | - | - | ३ | ४ | ५ |
| ६ | झोलुङ्गे पुल निर्माण | सङ्ख्या | - | - | २ | २.३ | २.७ |
| ७ | कलभर्ट निर्माण | सङ्ख्या | - | - | ६ | ७ | ८ |
| ८ | पक्की ड्रेन निर्माण | कि. मि. | - | - | १२ | १८ | २४ |

### ५.२.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ५६: सडक तथा यातायात व्यवस्था विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र.स. | कार्यक्रम/आयोजना | एकाइ | वडा | अवधि सुरु र समाप्ति | जम्मा लक्ष्य | अनुमानित लागत रू हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| **२** | **सडक तथा यातायात पूर्वाधार** | | | | | ७८६,९५० | |
| २.१.१ | पालिकास्तरीय सडक गुरुयोजना निर्माण | गोटा | सबै | २०८१/८२ | १ | १,५०० | पालिकास्तरीय सडक गुरुयोजना निर्माण सम्पन्न गरेको हुनेछ। |
| २.१.२ | घ्यांगफेदी - घ्यावर - सुर्यकुण्ड केवलकार सम्भाव्यता अध्ययन | गोटा | १ | २०८१/८२ | १ | १,५०० | घ्यांगफेदी - घ्यावर - सुर्यकुण्ड केवलकार सम्भाव्यता अध्ययन प्रतिवेदन बन्नेछ |
| २.१.३ | उबरा-घ्यावर-चेतांग-हिल्दुंग-तालु-कसेरी सडक स्तरोन्नति | कि.मि | १ | सालबसालि | ११ | ११०,००० | उबरा-घ्यावर-चेतांग-हिल्दुंग-तालु-कसेरी सडक स्तरोन्नति भइ संचालन हुने |
| २.१.४ | चिप्लेटी-बुलुंग-हुप्केल-घ्यांग डाडा सडक डी.पि.आर. अध्ययन | गोटा | २ | २०८१/८२ | १ | १,००० | चिप्लेटी-बुलुंग-हुप्केल-घ्यांग डाडा सडक डी.पि.आर. अध्ययन प्रतिवेदन बन्नेछ |
| २.१.५ | पाङआर-वोलगाउँ-ढाडे-वेप्चो-ओडारे सडकको डी.पि.आर. अध्ययन | गोटा | २ | २०८१/८२ | १ | १,००० | पाङआर-वोलगाउँ-ढाडे-वेप्चो-ओडारे सडकको डी.पि.आर. अध्ययन प्रतिवेदन बन्नेछ |
| २.१.६ | मसेरी-वडा कार्यालय-वोलगाउँ-कुटुम्साङ सडक स्तरोन्नति | कि.मी. | २ | सालबसालि | १४ | १४०,००० | मसेरी-वडा कार्यालय-वोलगाउँ-कुटुम्साङ सडक स्तरोन्नति भइ संचालन हुने |
| २.१.७ | झगडे-मगलीङ-पेमासो-नया छेपार-नाटाङ-गोल्फु भन्ज्यांङ सडक स्तरोन्नति | कि.मी. | ३ | सालबसालि | ८ | ८०,००० | झगडे-मगलीङ-पेमासो-नया छेपार-नाटाङ-गोल्फु भन्ज्यांङ सडक स्तरोन्नति भइ संचालन हुने |
| २.१.८ | झगडे-पुरगाउँ-गोल्फुभन्ज्याङ-थोतोङ-कालोपानी सडकको डी.पि.आर. अध्ययन | गोटा | ४ | २०८१/८२ | १ | १,००० | झगडे-पुरगाउँ-गोल्फुभन्ज्याङ-थोतोङ-कालोपानी सडकको डी.पि.आर. अध्ययन प्रतिवेदन बन्नेछ |
| २.१.९ | झगडे-सिन्धुली डाँडा-वडा कार्यालय-डम्फु चौक-कालोपानी सडक स्तरोन्नति | कि.मी. | ४ | सालबसालि | १३ | १३०,००० | झगडे-सिन्धुली डाँडा-वडा कार्यालय-डम्फु चौक-कालोपानी सडक स्तरोन्नति भइ संचालन हुने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१.१० | कर्मेरे गाउँ-भवनडाँडा-वडा कार्यालय-निगाले-जिम्नाङ सडक स्तरोन्नति | कि.मी. | ५ | सालबसालि | ९ | ९०,००० | कर्मेरे गाउँ-भवनडाँडा-वडा कार्यालय-निगाले-जिम्नाङ सडक स्तरोन्नति भइ संचालन हुने |
| २.१.११ | दुप्चेश्वर मन्दिर-करेजुङ-बोलाम्चे सडक स्तरोन्नति | कि.मी. | ६ | सालबसालि | १० | १००,००० | दुप्चेश्वर मन्दिर-करेजुङ-बोलाम्चे सडक स्तरोन्नति भइ संचालन हुने |
| २.१.१२ | ठुलोखेत-मिश्र भन्ज्यांग-वछला मा. वि-वडा कार्यालय-सेराङ सडक स्तरोन्नति | कि.मी. | ७ | सालबसालि | ९ | ९०,००० | ठुलोखेत-मिश्र भन्ज्यांग-वछला मा. वि-वडा कार्यालय-सेराङ सडक स्तरोन्नति भइ संचालन हुने |
| **२.२** | **पुलको निर्माण** | | | | | | |
| २.२.१ | तालु खोला-कसेरी झोलुङ्गे पुल निर्माण योजना | मी | १ | २०८२/८३ | १३० | १०,४०० | तालु खोला-कसेरी झोलुङ्गे पुल निर्माण भइ संचालन हुने |
| २.२.३ | रिकिसुरी खोला झोलुङ्गे पुल सम्भाव्यता अध्ययन योजना | मी | १ | २०८१/८२ | १ | १,५०० | रिकिसुरी खोला झोलुङ्गे पुल सम्भाव्यता अध्ययन योजना प्रतिवेदन बन्ने |
| २.२.४ | होङगोप खोला झोलुङ्गे पुल सम्भाव्यता अध्ययन योजना | मी | ४ | २०८१/८२ | १ | १,५०० | होङगोप खोला झोलुङ्गे पुल सम्भाव्यता अध्ययन योजना प्रतिवेदन बन्ने |
| २.२.७ | तामाङ खोला कल्भर्ट निर्माण योजना | ओटा | ४ | २०८२/८३ | १ | १,२०० | तामाङ खोला कल्भर्ट निर्माण भइ संचालन हुने |
| २.२.९ | खौला देखि कमल टारि झोलुङ्गे पुल सम्भाव्यता अध्ययन योजना | मि. | ६ | २०८१/८२ | १ | १,५०० | खौला देखि कमल टारि झोलुङ्गे पुल सम्भाव्यता अध्ययन योजना प्रतिवेदन बन्ने |
| **२.३** | **यातायातको पूर्वाधार विकास** | | | | | | |
| २.३.१ | गाउँपालिका स्तरीय बस अवधाराणा (साझेदारीमा) | गोटा | सबै | २०८१/८२ र २०८२/८३ | १ | २०,००० | गाउँपालिका स्तरीय बस अवधाराणा कार्यन्वयन भइ संचालनमा आउने |
| २.३.२ | यातायात कार्यालय भवन निर्माण | गोटा | सबै | २०८३/८४ | १ | १,२५० | यातायात कार्यालय भवन निर्माण आंशिक भएको हुने |
| २.३.३ | विधुत्तिया सवारी साधन संचालनको लागि निजि क्षेत्रलाई प्रोत्साहन गर्न सवारी साधनकर छुटको व्यवस्था | गोटा | सबै | सालबसालि | ३ | ९०० | विधुत्तिया सवारी साधन संचालनको लागि निजि क्षेत्रलाई प्रोत्साहन गर्न सवारी साधनकर छुटको व्यवस्था हुनेछ |
| २.३.४ | सार्वजनिक निजि यातायात लगानी र व्यवस्थापना प्रणाली विकास | गोटा | सबै | सालबसालि | ३ | ९०० | सार्वजनिक निजि यातायात लगानी र व्यवस्थापना प्रणाली विकास प्रोत्साहन कार्यक्रम सहयोग हुनेछ |
| २.३.५ | मुख्य सडक दुर्घटना हुने क्षेत्रमा डिजिटल इन्फर्मेशन बोर्ड व्यवस्थापन | गोटा | सबै | सालबसालि | १ | १,५०० | मुख्य सडक दुर्घटना हुने क्षेत्रमा डिजिटल इन्फर्मेशन बोर्ड व्यवस्थापन सहयोग प्राप्त हुनेछ |
| २.३.६ | गाउँपालिकाको मुख्य चोकहरुमा ट्राफिक लाईट जडान | गोटा | सबै | सालबसालि | १ | ३०० | पालिकाको मुख्य चोकहरुमा ट्राफिक लाईट जडान कार्यक्रम सहयोग प्राप्त हुनेछ |

### ५.२.९ अनुमान तथा जोखिम पक्ष

यस क्षेत्रमा समावेश गरिएका सडक, पुल तथा यातायात विकासका योजनाहरूमा अनुमान तथा प्रक्षेपण गरिएका बजेट सहजरुपमा प्राप्त हुने कार्य सुचारु हुन अनुमान गरिएको छ । संघ तथा प्रदेश सरकारबाट अपेक्षा गरिएका बजेटको प्राप्ति हुन नसके आयोजनाहरू पुरा गर्न नसकिने जोखिम रहेको छ ।

## ५.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### ५.३.१ पृष्ठभूमि

विद्युत उपयोगको दृष्टिले गाउँपालिकाका सबै घरधुरीमा केन्द्रीय प्रसाशणबाट विद्युत सुविधा प्रदान गरिएको छ । यसका साथै वैकल्पिक उर्जाको प्रयोग आजको प्रमुख आवश्यकता हो ।  यसलाई बढावा दिँदै वैकल्पिक उर्जा प्रवर्द्धन गर्नुपर्ने आजको आवश्यकता रहेको छ ।

### ५.३.२ समस्या तथा चुनौती

जलस्रोत, विद्युत र वैकल्पिक उर्जा विकासको क्षेत्रमा केही समस्या र चुनौतीहरू रहेका छन् । यस गाउँपालिका क्षेत्रमा रहेका पानीको मुहानहरूको संरक्षण र सरसफाइ कार्य अत्यन्तै न्यून भएको छ । गाउँपालिकाको वडाहरूमा भौगोलिक विकटता रहेको हुँदा विद्युत लाइन विस्तारमा कठिनाई रहेको छ । स्थानीय स्तरमा उत्पादन गर्न सकिने वैकल्पिक उर्जाको प्रयोग अपेक्षाकृत न्यून रहेको छ । गाउँपालिकाको सबै वडा तथा बस्तीमा एल. पि. ग्याँसको प्रचलन बढेर स्थानीय वैकल्पिक उर्जा उपयोगको प्रचलन उत्साहजनक रहेको छैन । ग्रामीण बस्तीहरूमा गरिबीको सघनता रहेको हुँदा खाना पकाउने इन्धनको रुपमा दाउराको प्रयोगलाई न्यूनीकरण गर्ने कार्य चुनौतीको रुपमा रहेको छ ।

### ५.३.३ सोच

सबैको घरमा विद्युत तथा वैकल्पिक उर्जाको विस्तार, दुप्चेश्वरबासीको आर्थिक समृद्धिको आधार ।

### ५.३.४ उद्देश्य

क) सबै घरधुरीहरूमा विद्युत उर्जा विस्तार गर्नु,

ख) सबै घरधुरीहरूलाई नविकरणीय उर्जामा पहुँच सुनिश्चित गर्नु ।

### ५.३.५ रणनीति

क) गाउँपालिकाका सबै घरधुरीहरूलाई विद्युत उर्जामा पहुँच गराउने,
ख) विपन्न वर्गहरूलाई वायोग्याँस अनुदान उपलब्ध गराउने,
ग) वैकल्पिक उर्जा सम्भावना हेरी सबै घरधुरीहरूलाई वैकल्पिक उर्जामा पहुँच गराउने ।

### ५.३.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ५७: जलस्रोत विद्युत तथा वैकल्पिक ऊर्जा विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | विद्युतमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | - | - | ९६.५२ | ९७.८५ | ९८.९८ |
| २ | बायोग्याँस प्रयोग गर्ने घरधुरी | प्रतिशत | - | - | २ | ३ | ४ |
| ३ | सौर्य उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | - | - | ५.४५ | ७.६५ | ९.८५ |
| ४ | सुधारिएको चुलो प्रयोग गर्ने घरधुरी | प्रतिशत | - | - | १० | २० | ३० |
| | प्रतिफल | | | | | | |
| १ | विद्युत जडान भएको घरधुरी | प्रतिशत | - | - | ६० | ७० | ८० |
| २ | बायोग्याँस अनुदान लाभान्वित घरधुरी | सङ्ख्या | - | - | ४० | ६० | ८० |
| ३ | सौर्य उर्जा वितरण कम्पनी | सङ्ख्या | - | - | १ | २ | २ |
| ४ | सौर्य उर्जा अनुदान लाभान्वित घरधुरी | सङ्ख्या | - | - | ३२ | ५९ | ७६ |
| ५ | सुधारिएको चुलो अनुदान लाभान्वित घरधुरी | सङ्ख्या | - | - | ८० | १२० | १६० |

### ५.३.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ५९: जलस्रोत विद्युत तथा वैकल्पिक ऊर्जा क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र.स. | कार्यक्रम/आयोजना | एकाइ | वडा | अवधि सुरु र समाप्ति | जम्मा लक्ष्य | अनुमानित लागत रू हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| **३. जल श्रोत विद्युत तथा वैकल्पिक उर्जा** | | | | | | १४,७५० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१ | विद्युत विस्तार तथा मर्मत (पोल र तार खरिदमा साझेदारी) | थान | सबै | सालबसालि | १२० | ४,८०० | विद्युत विस्तार तथा मर्मत (पोल र तार खरिदमा साझेदारी) सम्पन्न हुनेछ |
| ३.२ | ट्रान्सफर्मर जडान र मर्मत | थान | सबै | सालबसालि | ६ | २,४०० | ट्रान्सफोर्मर जडान र मर्मत सम्पन्न भई नागरिक लाभान्वित हुनेछन |
| ३.३ | सडक बत्ती जडान र मर्मत | थान | सबै | सालबसालि | १२० | ३,६०० | सडक बत्ती जडान र मर्मत कार्य सम्पन्न हुनेछ |
| ३.४ | विपन्न वर्ग बायोग्यास, सौर्य उर्जा र सुधारिएको चुलो अनुदान | थान | सबै | सालबसालि | ८०० | २,४०० | विपन्न वर्ग बायोग्यास, सौर्य उर्जा र सुधारिएको चुलो अनुदान सम्पन्न हुनेछ |
| ३.५ | विधुतीय चुलो प्रयोगको लागि पुरानो ट्रान्सफर्मरको पुरानस्थापना तथा स्तरोन्नति | थान | सबै | २०८१/८२ र २०८२/८३ | १० | १,००० | विधुतीय चुलो प्रयोगको लागि पुरानो ट्रान्सफर्मरको पुरानस्थापना तथा स्तरोन्नति सम्पन्न र संचालन हुने |
| ३.६ | वैकल्पिक उर्जा चेतनामुलक कार्यक्रम | जना | सबै | २०८१/८२ | ५० | २५० | वैकल्पिक उर्जा चेतनामुलक कार्यक्रम अध्ययन र संचालन हुनेछ |
| ३.७ | विद्युत चुहावट नियन्त्रण | पटक | सबै | सालबसालि | ३ | ३०० | विद्युत चुहावट नियन्त्रण अभिमुखीकरण कार्यक्रम सम्पन्न हुनेछ |

#### ५.३.९ अनुमान तथा जोखिम पक्ष

जलस्रोत, विद्युत र वैकल्पिक उर्जा क्षेत्रमा समावेश गरिएका कार्यक्रमका लागि बजेट सहजरुपमा उपलब्ध हुने र कार्यक्रमहरूको सुचारु कार्यान्वयन हुने अनुमान गरिएको छ। बायोग्याँस र सोलर व्यवसायीहरूले सम्बन्धीत प्लान्ट र सामाग्रीहरू आपूर्ति गरेको हुने अनुमान गरिएको छ।

### ५.४ सूचना तथा सञ्चार

#### ५.४.१ पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रुपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्नै आम सञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यवसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ। सूचना प्रविधिको युगमा प्रविधिको व्यापक प्रयोगबाट कानुन शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आतमसात गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ।

मध्यमकालीन खर्च संरचना

दुप्चेश्वर गाउँपालिका भित्र नेपाल टेलिकम र एनसेलको नेटवर्क सुविधा रहेको देखिन्छ। कतै कतै नेटवर्कको समस्या रहेपनि समग्रमा राम्रो स्थिति रहेको छ।

### ५.४.२ समस्या तथा चुनौती

गाउँपालिका क्षेत्रमा सूचना तथा सञ्चार क्षेत्रमा विकासका लागि केही समस्या र चुनौतीहरू रहेका छन्। गाउँपालिकाको उत्तरी वडाहरूमा मोबाइल नेटवर्कले राम्ररी काम नगर्नु, बहुसंख्यक नागरिकहरू गरिबीको कारण सूचना, सञ्चार र प्रविधिको सुविधाबाट बञ्चित हुनु जस्ता समस्या रहेका छन्। सूचना, सञ्चार र प्रविधिका सेवा प्रदायकहरूलाई ग्रामीण तथा दूर्गम क्षेत्रमा पुर्याउनु र सेवा सुचारु गर्नु चुनौतीको रुपमा रहेको छ।

### ५.४.३ सोच

दुप्चेश्वरबासीको सूचना, सञ्चार र प्रविधिमा अग्रसरता, सूसुचित र प्रविधियुक्त समाजको स्थापना।

### ५.४.४ उद्देश्य

क) सूचना तथा सञ्चारमा नागरिकको पहुँच विस्तार गर्नु,
ख) ई-सुरक्षा प्रविधिको विस्तार गर्नु,
ग) डिजिटल गाउँपालिका स्थापना गर्नु।

### ५.४.५ रणनीति

क) नागरिकहरूलाई सूचना तथा सञ्चार क्षेत्रमा सशक्तीकरण गर्ने,
ख) डिजिटल गाउँपालिकाको अवधारणा लागू गर्ने।

### ५.४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ६०: सूचना तथा सञ्चार विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | इन्टरनेटको पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | - | - | ५४ | ५८ | ६२ |
| २ | अनलाइन मार्फत सरकारी सेवा प्रवाह (प्रकार) | सङ्ख्या | - | - | ४ | ४ | ५ |
| | प्रतिफल | | | | | | |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | सञ्चार क्षेत्रको तालिममा सहभागी | सङ्ख्या | - | - | ६० | ९० | १२० |
| २ | सूचना प्रविधि तालिममा सहभागी | सङ्ख्या | - | - | ८० | १२० | १६० |
| ३ | टोल बस्तीमा सिसि टिभि क्यामरा जडान सङ्ख्या | सङ्ख्या | - | - | १५० | २०० | २५० |
| ४ | डिजिटल नागरिक वडापत्र स्थापना | सङ्ख्या | - | - | ४ | ६ | ८ |
| ५ | अनलाइन मार्फत सरकारी सेवा प्रवाह | सङ्ख्या | - | - | ४ | ४ | ५ |

## ५.४.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ६२: सूचना तथा सञ्चार विषय क्षेत्रगत आयोजनाको विवरण

| क्र.स. | कार्यक्रमआयोजना/ | एकाइ | वडा | अवधि सुरु र समाप्ति | जम्मा लक्ष्य | अनुमानित लागत रू हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| ४.० | **सूचना, संचार तथा प्रविधि विकास** | | | | | **५,८७०** | |
| ४.१ | गाउँपालिकाक्षेत्र तथा मुख्य वडा क्षेत्रमा सिसि क्यामेरा जडान तथा मर्मत संभार | थान | सबै | सालबसालि | ३० | ६०० | पालिकाक्षेत्र तथा मुख्य वडा क्षेत्रमा सिसि क्यामेरा जडान तथा मर्मत संभार अभियान सुचारु हुनेछ |
| ४.२ | संचारकर्मीसंग पेशागत तालिम | पटक | सबै | २०८१८२/ | १ | १०० | संचारकर्मी संग पेशागत तालिम सम्पन्न हुनेछ |
| ४.३ | सूचना शाखा सवलीकरण र संचालन | गोटा | सबै | २०८१८२/ | १ | ८०० | सूचना शाखा सवलीकरण र संचालन कार्यक्रम सम्पन्न हुनेछन |
| ४.४ | युवाहरुलाई सूचना प्रबिधि तालिम | जना | सबै | सालबसालि | ६० | ६०० | युवाहरुलाई सूचना प्रबिधि तालिम कार्यक्रम सम्पन्न हुनेछ |
| ४.५ | पालिकापालिका र वार्डमा डिजिटल नागरिक वडापत्र जडान र बार्षिक अध्यावधिकरण | गोटा | सबै | सालबसालि | १३ | ६५० | गाउँपालिका र वार्डमा डिजिटल नागरिक वडापत्र जडान सम्पन्न हुने र संचालनमा आउने। |
| ४.६ | डिजिटल पालिकापालिका कार्यान्वयन | गोटा | सबै | २०८३८४/ | १ | २००० | डिजिटल गाउँपालिका कार्यान्वयन व्यवस्थापन तथा अनुदान कार्यक्रम सम्पन्न हुनेछ |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.७ | सबै वडाहरुमा व्यवस्थित इन्टरनेट विस्तार कार्यक्रम नेपाल टेलिकमसंग ) (सांझेदारीमा | गोटा | सबै | २०८१ ८२/ र ८३/२०८२ | ११ | २२० | सबै वडाहरुमा इन्टरनेट जडान तथा सञ्चालन हुनेछ |
| ४.८ | सबै विद्यालयहरुमा इन्टरनेट जडान तथा सञ्चालन | गोटा | सबै | २०८२८३/ | ३० | ९०० | सबै विद्यालयहरुमा इन्टरनेट जडान तथा सञ्चालन हुनेछ |

### ५.४.९ अनुमान तथा जोखिम पक्ष

सूचना तथा सञ्चार क्षेत्रमा समावेश गरिएका कार्यक्रमहरूका लागि बजेटको व्यवस्था सहज रहने र कार्यक्रमहरूको कार्यान्वयन प्रभावकारी हुने अनुमान गरिएको छ।

मध्यमकालीन खर्च संरचना

# परिच्छेद – ६

# वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

## ६.१ वन तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

दुप्चेश्वर गाउँपालिकाको कुल क्षेत्रफल मध्ये ११७ वर्ग कि.मि क्षेत्रफल वनक्षेत्रले ओगटेको छ। यस गाउँपालिकामा  विभिन्न किसिमका जङ्गली जनावर तथा चराचुरुङ्गीहरु पाइन्छन् । मुख्य रुपमा पाइने जङ्गली जनावरहरुमा चितुवा, बाँदर, स्याल, फ्याउरो, भ्याल्से, मृग, खरायो, दुम्सी, खुदेकीरो, वनबिरालो, मलसाप्रो, पाण्डा रहेका छन् भने चराचुरुङ्गीमा कालिज, लामपुच्छ्रे, धोबिनी, भँगेरा ,सारौं, काग, कोइली, कल्चौडो चिल, ढुकुर, बौडाई, फिस्टेचरा, न्याउली, जुरेली, काफलपाक्यो, बीउकुह्यो, गौथली, लाटोकोसेरो, चमेरो, हुकीचील, चरीबाघ, कोटेरो, बाज, चित्रो, टकटके (काठफोरुवा), लगायतका चराचुरुङ्गीहरु पाइन्छन् । यहाँका वनमा ३० भन्दा बढी प्रजातिका वनस्पति पाईन्छन । यस्तै, यहाँको वनमा २० भन्दा बढी प्रजातिका वन्यजन्तु, २१ भन्दा बढी प्रजातिका चराचुरुङ्गी, १५ भन्दा बढी प्रजातिका जडिबुटी पाईन्छ ।गाउँपालिका क्षेत्रमा कुल ३० वटा सामुदायिक वनहरु रहेका छन् ।

खनिज पदार्थको हिसाबले दुप्चेश्वर गाउँपालिकामा ढुङ्गा र नदीजन्य पदार्थहरु  ढुङ्गा, गिट्टी र बालुवा आदि उपलब्ध छन् ।

### ६.१.२ समस्या तथा चुनौती

वन तथा जैविक विविधता संरक्षण र विकासका क्षेत्रमा केही समस्या र चुनौतीहरू देखिएका छन् । सुख्खा मौसमको समयमा वन डढेलो लाग्नु, वन्यजन्तुहरू समय समयमा बस्तीमा प्रवेश गरी धनजनको क्षति गर्ने भएकोले समस्याको रुपमा रहेको छ । वनक्षेत्रमा मिचाह प्रजातिका वनस्पतिहरू फैलनु, वन अतिक्रमण र वन पैदवार चोरी निकासी हुनु, खुल्ला चरिचरण हुनु पनि समस्याको रुपमा रहेको छ । त्यस्तै वन व्यवस्थापन सम्बन्धमा स्थानीय तहको जिम्मेवारी बारेमा स्पष्ट व्यवस्था नहुनु, वन व्यवस्थापनसँग सम्वन्धित सरोकारवालाहरू बीच समन्वय र

मध्यमकालीन खर्च संरचना

सहकार्यमा कमी हुनु, सामुदायिक वन व्यवस्थापन सम्वन्धमा कानुनी अस्पष्टता रहनु, र दिगो रुपमा वन डढेलोको व्यवस्थापन गर्नु जस्ता चुनौती रहेका छन् ।

### ६.१.३ सोच

वन तथा जैविक विविधताको दिगो संरक्षण, सबै जिवजन्तुका लागि स्वच्छ वातावरण ।

### ६.१.४ उद्देश्य

क) वनको दिगो संरक्षण तथा विकास गर्नु,
ख) जैविक विविधता र पर्यापर्यटन प्रवर्द्धन गर्नु ।

### ६.१.५ रणनीति

क) वन, वन्यजन्तु र जडिबुटी संरक्षण र विकास गर्ने,
ख) जैविक विविधता र पर्यापर्यटन विकासका विशेष परियोजना कार्यान्वयन गर्ने,
ग) वनको दिगो उपयोग सम्बन्धमा सचेतना विकास गर्ने ।

### ६.१.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ६३: वन तथा जैविक विविधता क्षेत्रको सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | सामुदायिक तथा कबुलियती वनको क्षेत्रफल | हेक्टर | - | | | | |
| | प्रतिफल | | | | | | |
| १ | काठ उत्पादन | घन फिट (हजारमा) | - | - | २९० | ३१० | ३३० |
| २ | दाउरा उत्पादन | मे. टन | - | - | २६० | २८० | ३०० |
| ३ | जडिवुटी रोपण र संरक्षण | हेक्टर | - | - | ०.४० | ०.६० | ०.८० |
| ४ | वन पर्यटकीय स्थल निर्माण | सङ्ख्या | - | - | ०.९० | १.३० | १.९० |
| ५ | वनमा पोखरी निर्माण | सङ्ख्या | - | - | २ | ३ | ४ |
| ६ | वृक्ष रोषण तथा वन विस्तार | हेक्टर | - | - | ०.९० | १.३० | १.९० |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | वन घेराबार | कि. मि. | - | - | ४ | ५ | ६ |
| ८ | घाँसे मैदान (चरन) निर्माण | सङ्ख्या | - | - | ४ | ६ | ८ |
| ९ | वनभोज स्थल निर्माण | सङ्ख्या | - | - | ४ | ५ | ६ |
| १० | गाउँपालिका सौन्दर्यीकरण अन्तरगत वृक्षरोपण | सङ्ख्या (हजार) | - | - | ४ | ६ | ८ |
| ११ | वन, जैविक विविधता, वातावरण संरक्षण सम्बन्धी सचेतनामूलक कार्यक्रममा सहभागी | सङ्ख्या (हजार) | - | - | २ | ३ | ४ |

### ६.१.७ कार्यक्रम/आयोजनाको विवरण

तालिका ६५: वन तथा जैविक विविधता व्यवस्थापन आयोजनाको विवरण

| क्र.स. | कार्यक्रमआयोजना/ | एकाइ | वडा | अवधि सुरु र समाप्ति | जम्मा लक्ष्य | अनुमानित लागत रू हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| **१** | **वन तथा जैविक बिबिधता र खनिज सम्पदा** | | | | | १५,८५० | |
| १.१ | वन क्षेत्रमा जडिबुटी खेतीको प्रवर्द्धन (वार्षिक) | पटक | सबै | सालबसालि | ३ | १,३५० | वन क्षेत्रमा जडिबुटी खेतीको प्रवर्द्धन कार्यक्रम संचालन हुनेछ |
| १.२ | वृक्षारोपण कार्यक्रम फलफुल), महत्वोपूर्ण काठ( | पटक | सबै | सालबसालि | ३ | १,२०० | वृक्षारोपण कार्यक्रम फलफुल), बगैंचा, महत्वोपूर्ण काठसंचालन ( हुनेछ |
| १.३ | सामुदायिक तथा राष्ट्रिय वन घेरबार कार्यक्रम | गोटा | सबै | सालबसालि | ६० | ३,००० | सामुदायिक तथा राष्ट्रिय वन घेरबार कार्यक्रम संचालन हुनेछ |
| १.४ | वन पोखरी निर्माण योजना | गोटा | सबै | सालबसालि | १८० | १,८०० | वन पोखरी निर्माण संचालन हुनेछ |
| १.५ | वनमा अग्निरेखा निर्माण योजना | पटक | सबै | सालबसालि | ३ | १,८०० | वन पोखरी निर्माण सहयोग भई सञ्चालन भएको हुनेछ। |
| १.६ | बाँदर संरक्षण र नियन्त्रण योजना | पटक | सबै | सालबसालि | ३ | १,५०० | बाँदर संरक्षण र नियन्त्रण योजना अध्ययन संचालन हुने |
| १.७ | वन संरक्षण सचेतनामुलक कार्यक्रम | जना | सबै | सालबसालि | १५० | ७५० | वन संरक्षण सचेतनामुलक कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| १.८ | वन तथा झाडीबुट्यान क्षेत्रको संरक्षण एवं व्यवस्थापन (वार्षिक) | पटक | सबै | सालबसालि | ३ | १,८०० | वन तथा झाडीबुट्यान क्षेत्रको संरक्षण एवं व्यवस्थापन भएको हुनेछ। |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.९ | महत्वपूर्ण तथा संवेदनशील क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र कायम गरि संरक्षण कार्यक्रम | गोटा | सबै | सालबसालि | १ | ४०० | महत्वपूर्ण तथा संवेदनशील क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र कायम गरि संरक्षण कार्यक्रम भएको हुनेछ । |
| १.१० | जैविक विविधताको संरक्षण, अध्ययन तथा अनुगमन | पटक | सबै | सालबसालि | ३ | ४५० | जैविक विविधताको संरक्षण, अध्ययन तथा अनुगमन भएको हुनेछ । |
| १.११ | वन तथा जडिबुटी नर्सरी स्थापना र सञ्चालनमा साझेदारी | गोटा | सबै | सालबसालि | ९ | १,८०० | वन तथा जडिबुटी नर्सरी स्थापना र सञ्चालनमा आउने |

### ६.१.९ अनुमान तथा जोखिम पक्ष

वन तथा जैविक विविधता संरक्षण र विकासका लागि समावेश गरिएका कार्यक्रमका लागि अनुमानित बजेट सहजरुपमा प्राप्त हुने र कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने अनुमान गरिएको छ । साथसाथै यस क्षेत्रका कार्यक्रममा गाउँपालिकाबासीहरूको सक्रिय सहभागिता र साझेदारी हुने समेत अनुमान गरिएको छ ।

## ६.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

यस गाउँपालिकाको धैरै जसो भूभाग पहाडी भिरालो रहेको हुँदा भूक्षय र पहिरोको जोखिम युक्त ठाउँहरु रहेका छन् । यस गाउँपालिकामा चन्द्रमती र सूर्यमती गरी वर्षैभरी पानि बहने दुईवटा नदी रहेका छन् त्यसबाहेक अन्य १५ भन्दा बढी खोला, खोल्साहरु रहेका छन् । उक्त खोला, खोल्सा मध्ये कुतुङ, नागी, पाहा, घ्याङ खोला, सिंगारे खोला, डुँडे खोला, बन्छारे खोला, झुले खोला, पुत्ले खोला, रम्भु खोला, मागन खोला, प्लेन्युड खोला आदि प्रमुख छन् । सागर कुण्ड, भैंसी कुण्ड, झ्यापुङ्ग कुण्ड, कामे कुण्ड लगायत पोखरी/ताल रहेका छन् । करिब ३०० भन्दा बढी पानीका मुहानहरु रहेका छन् पहाडी भेगका वडाहरुमा जथाभावी सडक विस्तार हुँदा यसले भू-क्षय बढाउनुको साथै वातावरणमा समेत प्रतिकूल प्रभाव पारिरहेको छ । भूसंरक्षण तथा जलधार व्यवस्थापनको क्षेत्र मानवीय जनजीवनसँग प्रत्यक्ष सरोकार रहने हुँदा गाउँपालिकाले यससम्बन्धमा योजनाबद्ध रुपमा कार्य गर्नु जरुरी छ ।

मध्यमकालीन खर्च संरचना

### ६.२.२ समस्या तथा चुनौती

भूसंरक्षण तथा जलधार क्षेत्रमा विकासका लागि केही समस्या र चुनौतीहरू रहेका छन्। वर्षेनी बाढी पहिरो गईरहनु, जलधार वा पानीको मुल संरक्षण नियमित र प्रभावकारी नहुनु, भूसंरक्षण तथा जलधार क्षेत्रमा दक्ष प्राविधिकको अभाव हुनु र भूसंरक्षण तथा जलधार व्यवस्थापनमा सरोकारवालाहरू बीच समन्वय तथा सहकार्य कमजोर हुनु जस्ता समस्याहरू रहेका छन्। भूसंरक्षण तथा जलधार व्यवस्थापन क्षेत्रका परियोजनाहरू बढी खर्चिलो हुने भएकोले स्रोत व्यवस्था गर्न, खोलाहरूले वर्षेनी जमीन कटान र बाढीले पुर्ने घट्नाहरूको दिगो समाधान गर्न, खोलाहरूका पानी जमीनमूनि भासिएर जाने समस्यालाई समाधान गर्न, पहाडी भेगका कच्ची सडकहरूको दिगो संरक्षण गर्नु  प्रमुख चुनौतीहरू रहेका छन्।

### ६.२.३ सोच

दिगो भूसंरक्षण तथा जलधार व्यवस्थापन, दुप्चेश्वरबासीको सुरक्षित जीवन।

### ६.२.४ उद्देश्य

क) गाउँपालिका क्षेत्रका भूमिको दिगो संरक्षण गर्नु,

ख) जलाधारको संरक्षण र उपयोग बढाउनु।

### ६.२.५ रणनीति

क) नदी कटान नियन्त्रण तथा व्यवस्थापनका लागि उपयूक्त विधिहरू पहिचान गरी लागू गर्ने,

ख) वाढी पहिरोको नियन्त्रण र न्यूनीकरणका लागि पहिरो सम्भावित क्षेत्रको संरक्षण र नदी तट्बन्धन गर्ने,

ग) जलाधारको संरक्षण र उपयोग बढाउने उपायको खोजी गरी कार्यान्वयन गर्ने।

### ६.२.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ६६: भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रको सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | संरक्षित पानी मुहान, पोखरी संरक्षण र सिमसार क्षेत्र | सङ्ख्या | - | - | ४ | ६ | ८ |
| २ | बायो ईन्जिनियरिङ गरेको क्षेत्रफल | हेक्टर | - | - | १ | १.५ | २ |
| ३ | नदी कटान क्षेत्र तटबन्धन | कि. मि. | - | - | ८ | १५ | १९ |

मध्यमकालीन खर्च संरचना

| | प्रतिफल | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | पानी मुहान, पोखरी संरक्षण र सिमसार क्षेत्र संरक्षण | सङ्ख्या | - | - | ४ | ६ | ८ |
| २ | भूक्षय र नदी कटान क्षेत्रमा बायो ईन्जिनियरिङ | हेक्टर | - | - | १ | १.५ | २ |
| ३ | नदी कटान क्षेत्र तटबन्धन निर्माण | कि. मि. | - | - | १० | १५ | २० |

### ६.२.७ कार्यक्रम/आयोजनाको विवरण

तालिका ६८: भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रको आयोजना विवरण

| क्र.स. | कार्यक्रम/आयोजना | एकाइ | वडा | अवधि सुरु र समाप्ति | जम्मा लक्ष्य | अनुमानित लागत रू हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| २ | **भू-संरक्षण तथा जलाधार व्यवस्थापन** | | | | | १५,२२५ | |
| २.१ | विभिन्न नदि कटान क्षेत्र तटबन्धन कार्यक्रम (आकस्मिक) | गोटा | सबै | २०८१/८२ र २०८३/८४ | २ | २,००० | विभिन्न नदि कटान क्षेत्र तटबन्धन कार्यक्रम (आकस्मिक) निर्माण सम्पन्न गरेको हुनेछ। |
| २.२ | जलाधार संरक्षण र उपयोग | गोटा | सबै | २०८१/८२ र २०८३/८४ | २ | २,००० | जलाधार संरक्षण र उपयोग भई विस्तार गरेको हुने I |
| २.३ | जलाधार सरसफाई कार्यक्रम | गोटा | सबै | २०८१/८२ र २०८२/८३ | २ | ३,००० | जलाधार सरसफाई कार्यक्रम सम्पन्न भइ विस्तार गरेको हुने |
| २.६ | उबरा नदि तटबन्ध निर्माण | गोटा | १ | २०८३/८४ | १ | ३५० | उबरा नदि तटबन्ध निर्माण सम्पन्न हुने |
| २.७ | मसेरी खोला तटबन्ध निर्माण | गोटा | २ | २०८१/८२ | १ | ८०० | मसेरी खोला तटबन्ध निर्माण सम्पन्न हुने |
| २.८ | युङवलङ पहिरो नियन्त्रण | गोटा | २ | २०८३/८४ | १ | ३०० | युङवलङ पहिरो नियन्त्रण सम्पन्न हुने |
| २.९ | ग्याबिन वाल निर्माण (सिस्नेरी, धारापानी, ढोडेनी, वादिसोङ, पुरगाउँ, माप्ले, गोल्फु भन्ज्याङ, हाडी खोला, विम्राङ, तामाङ खोला, साप्चे, याचे, सानो गोल्फु, बाराले टोल, बङगेशाला, सिङगीसोङ, आलु, कान्ताल) | गोटा | ४ | सालबसालि | १२ | १,८०० | ग्याबिन वाल निर्माण (सिस्नेरी, धारापानी, ढोडेनी, वादिसोङ, पुरगाउँ, माप्ले, गोल्फु भन्ज्याङ, हाडी खोला, विम्राङ, तामाङ खोला, साप्चे, याचे, सानो गोल्फु, बाराले टोल, बङगेशाला, सिङगीसोङ, आलु, कान्ताल) सम्पन्न हुने |
| २.१० | अर्चले पहिरो नियन्त्रण तथा व्यवस्थापन (ग्याबिन जाली) | मि. | ५ | २०८३/८४ | १ | ३५० | अर्चले पहिरो नियन्त्रण तथा व्यवस्थापन गरिने |
| २.११ | चिसापानि पहिरो नियन्त्रण तथा व्यवस्थापन (ग्याबिन जाली) | मि. | ५ | २०८३/८४ | १ | ४२५ | चिसापानि पहिरो नियन्त्रण तथा व्यवस्थापन गरिने |
| २.१२ | तादी खोला तटबन्ध निर्माण योजना | मि. | ६ | २०८२/८३ र २०८३/८४ | ६० | २,४०० | तादी खोला तटबन्ध निर्माण योजना सम्पन्न हुने |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१३ | विसमुरे खोल्चा पहिरो नियन्त्रण योजना | मि. | ६ | २०८३/८४ | १ | ४०० | विसमुरे खोल्चा पहिरो नियन्त्रण योजना सम्पन्न हुने |
| २.१४ | अम्बटे बस्ती संरक्षण योजना | मि. | ६ | २०८२/८३ | १ | ५०० | अम्बटे बस्ती संरक्षण योजना सम्पन्न हुने |
| २.१५ | नया खोला सिलामे पहिरो नियन्त्रण (ग्याबिन जाली) | मि. | ७ | २०८२/८३ | १ | ३०० | नया खोला सिलामे पहिरो नियन्त्रण सम्पन्न हुने |
| २.१६ | बग्लुङ खोला पहिरो नियन्त्रण (ग्याबिन जाली) | मि. | ७ | २०८२/८३ | १ | ३०० | बग्लुङ खोला पहिरो नियन्त्रण सम्पन्न हुने |
| २.१७ | सिम्टाङ दुप्केल टोल पहिरो नियन्त्रण (ग्याबिन जाली) | मि. | ७ | २०८३/८४ | १ | ३०० | सिम्टाङ दुप्केल टोल पहिरो नियन्त्रण सम्पन्न हुने |

#### ६.२.९ अनुमान तथा जोखिम पक्ष

भू संरक्षण र जलाधार व्यवस्थापन क्षेत्रमा पहिचान गरिएका कार्यक्रमहरूका लागि अनुमान गरिएको बजेट सहजरुपमा प्राप्त हुने र यी कार्यक्रमहरूको कार्यान्वयन प्रभावकारी हुने अनुमान गरिएको छ ।

### ६.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

#### ६.३.१ पृष्ठभूमि

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन गाउँपालिकाको जिम्मेवारीको प्रमुख क्षेत्र हो । गाउँपालिका क्षेत्रको वातावरण सुधारका लागि वन तथा हरियाली विस्तार, विभिन्न प्रदुषणहरूको नियन्त्रण र व्यवस्थापन, फोहोरमैला व्यवस्थापन आदि कार्यहरू पर्दछन् । यस गाउँपालिकाको कुल क्षेत्रफलको धेरै प्रतिशत जंगलले ढाकेको हुँदा यहाँ हरियालीमा कमी छैन । वातावरण संरक्षणका लागि जल, जमिन र वायु स्वच्छ हुनु पर्छ । साथै ध्वनिले पनि वातावरणलाई शान्त रहन दिँदैन । फोहोर वस्तुहरूले जल, जमिन र वायुलाई प्रदूषित गर्दछ । तसर्थ यस गाउँपालिकाले फोहोर व्यवस्थापन क्षेत्रमा रणनीतिक कार्यक्रमहरू बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ ।

#### ६.३.२ समस्या तथा चुनौती

बजार र बस्तीहरूमा फोहोरमैला बढ्दै गइरहेको तथा प्लास्टिकजन्य वस्तुको प्रयोग र व्यवस्थापन सम्बन्धमा गाउँपालिकाबासीहरू सचेत नहुनु, बजार तथा बसोबास क्षेत्रमा अव्यवस्थित रुपमा पशुपन्छी पालनले

मध्यमकालीन खर्च संरचना

फोहोर र दूर्गन्ध बढ्नु, सार्वजनिक शौचालय नहुनु आदि समस्याहरू रहेका छन्। वातावरणलाई प्रदुषणरहित बनाउने कार्य मुख्य चुनौतीको रुपमा रहेको छ।

### ६.३.३ सोच

फोहोरको दिगो व्यवस्थापन, दुप्चेश्वरबासीको स्वस्थ जीवन।

### ६.३.४ उद्देश्य

फोहोरको आधुनिक व्यवस्थापन गर्नु।

### ६.३.५ रणनीति

क) गाउँपालिकामा सिर्जना हुने फोहोरको आधुनिक व्यवस्थापनका पूर्वाधार तथा प्रविधि व्यवस्था गरी सञ्चालन गर्ने,

ख) सबै घरधुरीमा सड्ने फोहोर, प्लाष्टिकजन्य र धातुजन्य फोहोर अलग अलग राख्नका लागि प्रत्येक सार्वजनिक स्थलमा ३ डस्टविन व्यवस्थापन गर्ने,

ग) जल, जमिन र जंगल जस्ता प्राकृतिक स्रोतहरूलाई स्वच्छ राख्न सचेतना विस्तार गर्ने,

घ) वातावरणमैत्री स्थानीय सरकारको अवधारणा लागू गर्ने।

### ६.३.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ६९: वातावरण तथा फोहोरमैला व्यवस्थापन विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | डस्टविन प्रयोग र आधुनिक फोहोर व्यवस्थापनमा आवद्ध घरधुरी | प्रतिशत | - | - | ४० | ६० | ८० |
| २ | फोहोर मैला प्रशोधन तथा व्यवस्थापन केन्द्र | सङ्ख्या | - | - | १ | १ | १ |
| ३ | वातावरणमैत्री स्थानीय शासन लागू | भएको/ नभएको | नभएको | नभएको | भएको | भएको | भएको |
| | प्रतिफल | | | | | | |
| १ | डस्टविन वितरण (३ वटा डस्टविन सेट) | सङ्ख्या | - | - | ५० | १०० | १५० |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | फोहोर मैला व्यवस्थापनमा सदस्यता लिएको घरधुरी | सङ्ख्या | - | - | ३४०० | ५१०० | ६८०० |
| ३ | कुहिने फोहोर व्यवस्थापन गर्ने घरधुरी | प्रतिशत | - | - | ४० | ६० | ८० |
| ४ | घरायासी सरसफाइ सचेतना | प्रतिशत | - | - | २० | ४० | ६० |
| ५ | सुरक्षित पशुपन्छी पालन सचेतना | प्रतिशत | - | - | ४० | ६० | ८० |
| ६ | सुरक्षित बधशाला र मासुपसल सञ्चालन सचेतना | प्रतिशत | - | - | ४० | ६० | ८० |
| ७ | हरियाली र सहरी सौन्दर्य प्रबर्द्धन सचेतना | प्रतिशत | - | - | ४० | ६० | ८० |
| ८ | भवन संहिता लागू | भएको/ नभएको | - | - | भएको | भएको | भएको |
| ९ | टोल सरसफाइ कार्यक्रम | प्रतिशत | - | - | ६० | ८० | १०० |

### ६.३.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ७१: वातावरण तथा फोहोरमैला व्यवस्थापन कार्यक्रम आयोजनाको विवरण

| क्र.स. | कार्यक्रम/आयोजना | एकाइ | वडा | अवधि सुरु र समाप्ति | जम्मा लक्ष्य | अनुमानित लागत रू हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| ३ | **वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन** | | | | | **१०,४५०** | |
| ३.१ | पालिका सौन्दर्य योजना अध्ययन | गोटा | सबै | २०८२/८३ र २०८३/८४ | १ | १,५०० | पालिका सौन्दर्य योजना अध्ययन सम्पन्न र संचालन हुने। |
| ३.२ | स्थानीय वातावरण संरक्षण विधि Environment Management Plan (EMP) तयारी तथा तालिम कार्यक्रम | गोटा | सबै | २०८१/८२ | १ | २,००० | स्थानीय वातावरण संरक्षण विधि Environment Management Plan (EMP) तयारी तथा तालिम कार्यक्रम सम्पन्न हुनेछ |
| ३.३ | पालिका स्तरीय वातावरणीय अध्ययन सम्बन्धि क्षमता विकास तालिम | जना | सबै | २०८१/८२ | ५० | १,००० | पालिका स्तरीय वातावरणीय अध्ययन सम्बन्धि क्षमता विकास तालिम सम्पन्न हुनेछ |
| ३.४ | पालिका स्तरीय वातावरणीय मापदण्ड सम्बन्धि तालिम | जना | सबै | २०८१/८२ | ५० | १,००० | पालिका स्तरीय वातावरणीय मापदण्ड सम्बन्धि तालिम सम्पन्न हुनेछ |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.५ | स्थानीय तहका विद्यालयहरुमा वातावरण शिक्षा तथा प्रचारप्रसारका लागि सहजीकरण कार्यक्रम | पटक | सबै | २०८२/८३ | १ | ४०० | स्थानीय तहका विद्यालयहरुमा वातावरण शिक्षा तथा प्रचारप्रसारका लागि सहजीकरण कार्यक्रम सम्पन्न हुनेछ |
| ३.६ | नदिको स्वच्छता कायम र हरियाली विस्तार | गोटा | सबै | २०८३/८४ | १ | ९०० | नदिको स्वच्छता कायम र नदिको दायाँ र बायाँ हरियाली विस्तार सम्पन्न हुनेछ |
| ३.७ | प्लास्टिकजन्य वस्तुको उपयोगमा न्यूनीकरणक लागि सचेतनामुलक कायक्रम | पटक | सबै | २०८३/८४ | १ | १५० | प्लास्टिकजन्य वस्तुको उपयोगमा न्यूनीकरणक लागि सचेतनामुलक कार्यक्रम सम्पन्न हुनेछ |
| ३.८ | घरयेसी फोहोर तथा जैविक फोहोरलाई मलमा रुपान्तरण बिधि सम्बन्धि तालिम | जना | सबै | २०८३/८४ | ३० | ४५० | घरयेसी फोहोर तथा जैविक फोहोरलाई मलमा रुपान्तरण बिधि सम्बन्धि तालिम सम्पन्न हुनेछ |
| ३.९ | ध्वनी तथा वायु प्रदुषण नियन्त्रणका लागि मापदण्ड तथा कार्यविधि निर्माण र अनुगमन | पटक | सबै | सालबसालि | ३ | १,५०० | ध्वनी तथा वायु प्रदुषण नियन्त्रणका लागि मापदण्ड तथा कार्यविधि निर्माण र अनुगमन सम्पन्न हुनेछ |
| ३.१० | फोहोर व्यवस्थापन क्षेत्र निर्धारण गरि आवश्यक पूर्वाधार निर्माण र प्रदुषण अनुगमन तथा नियन्त्रण | गोटा | सबै | २०८२/८३ | १ | १,१०० | फोहोर व्यवस्थापन क्षेत्र (Dumping Site) निर्धारण गरि आवश्यक पूर्वाधार निर्माण र प्रदुषण अनुगमन तथा नियन्त्रण सम्पन्न हुनेछ |
| ३.११ | वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि जनचेतना मुलक कार्यक्रम(वार्षिक) | पटक | सबै | सालबसालि | ३ | ४५० | वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि जनचेतना मुलक कार्यक्रम संचालन भएको हुने |

#### ६.३.९ अनुमान तथा जोखिम पक्ष

योजनामा समेटिएका वातावरण तथा फोहोरमैला व्यवस्थापनका कार्यक्रमहरू सुचारु रुपमा सञ्चालन हुनेछ। फोहोरमैला व्यवस्थापनमा गाउँपालिकाबासीहरूको सहभागिता र सहकार्य हुनेछ।

## ६.४ विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ६.४.१ पृष्ठभूमि

संसारमै प्राकृतिक प्रकोपहरूको कारण विपद्हरु आइलाग्ने र मानवीय कारणले जलवायूमा नकारात्मक परिवर्तनहरू आउने क्रम जारी रहेको छ । यस्तो परिस्थितिबाट यस गाउँपालिका पनि अछुतो छैन । यस गाउँपालिकाको उत्तर भेगका वडाहरूमा भिरालो जमीन भएको हुँदा भूक्षय र पहिरोबाट विपद् जोखिम आइरहने गर्दछ। त्यस्तै खोला तथा नदिहरुको किनारमा रहेका खेतीयोग्य जमीन र मानवीय बसोबासलाई ती खोलाहरूमा

आउने बाढीले जमीन कटान गरेर र पुरेर विपद् सिर्जना हुने र क्षती हुने गर्दछ। त्यस्तै समय समयमा आउने भूकम्पले पनि निजी तथा सार्वजनिक संरचनाहरू भत्काउने विद्युत, सञ्चार र सडक यातायात अवरुद्ध गर्ने जस्ता विपद्का जोखिमहरू ल्याइरहन्छ।

वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पनि सरकार र नागरिकहरू सचेत हुनु जरुरी छ। आजको बढ्दो र अव्यवस्थित बजार तथा ग्रामीण क्षेत्रमा परम्परागत र असुरक्षित आवास सजावट, पेट्रोलियम पदार्थबाट चल्ने सवारीको बढ्दो चाप, धुले सडकहरूको सघनता र अन्य मानवीय क्रियाकलापहरूले वातावरण तथा जलवायुमा प्रदूषण बढेको छ। प्राकृतिक विपत्ति र वातावरण/जलवायु प्रदुषणलाई न्यूनीकरण गर्नका लागि गाउँपालिकाले योजनाबद्ध कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ।

### ६.४.२ समस्या तथा चुनौती

विपद् व्यवस्थापन र जलवायु उत्थानशिलता क्षेत्रमा केही समस्या र चुनौतीहरू रहेका छन्। विपद् व्यवस्थापन क्षेत्रमा विपद् जोखिम क्षेत्रको नक्साङ्कन नहुनु, विपद् व्यवस्थापन दीर्घकालीन रणनीति तर्जुमा र लागू नहुनु, विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालन नहुनु, विपद् पूर्वतयारी नहुनु र विपद् व्यवस्थापनका लागि तालिमप्राप्त जनशक्तिको कमी हुनु जस्ता समस्याहरू रहेका छन्। सीमित जनशक्ति भएको हुँदा गाउँपालिकामा विपद् व्यवस्थापन प्रणाली तयार गर्न र कार्यान्वयन गर्न चुनौतीको रुपमा रहेको छ। सम्भावित जोखिमहरूको नक्साङ्कन गर्ने कार्य नभएकोले विपद् व्यवस्थापनका लागि पूर्वतयारी कार्यमा कठिनाई भएको छ।

यस्तै जलवायु उत्थानशिलताको क्षेत्रमा नागरिकहरूको सचेतनामा कमी, बढ्दो र अव्यवस्थित सहरीकरण, असुरक्षित बसोबास र आवास सजावट, फोहोरमैलाको उचित व्यवस्था नहुनु, सवारी साधनको चाप र धुवाँ धुलोको उत्पादन जस्ता समस्याहरू रहेका छन्। यसर्थ गाउँपालिकाले जलवायु उत्थानशिलताको क्षेत्रमा कार्य गर्न नियन्त्रण बाहिरका विषयवस्तुहरूले चुनौती सिर्जना गरेको छ। भौगोलिक योजना सहितको वस्ती विकासलाई कार्यान्वयन गर्न, बजार र बस्तीका सबै घरधुरीहरूलाई सुरक्षित आवास सजावटमा परिवर्तन गर्नु फोहोरमैलाको उचित व्यवस्थापन र उपयोग गर्नु सवारी साधन उत्पन्न हुने धुवाँ र धुलो नियन्त्रण गर्नु मुख्य चुनौतीहरू हुन्।

### ६.४.३ सोच

विपद् व्यवस्थापन, वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकुलन अभियान, गाउँपालिकाबासीको सुरक्षित जीवन।

### ६.४.४ उद्देश्य

क) गाउँपालिका र गाउँपालिकाबासीहरूलाई विपद् तथा महामारी न्यूनीकरणमा सक्षमता विकास गर्नु,

ख) गाउँपालिकाबासीलाई वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धमा सचेत र क्रियाशील बनाउने।

### ६.४.५ रणनीति

क) गाउँपालिका र गाउँपालिकाबासीहरूलाई विपद् तथा महामारी न्यूनीकरण क्षेत्रमा सचेत र सक्षम बनाउने,

ख) गाउँपालिकाबासीलाई वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धमा सचेत र क्रियाशील बनाउने,

### ६.४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ७२: विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | वातावरण संरक्षण तथा जलवायु अनुकुलन योजना कार्यान्वयन | भएको/ नभएको | नभएको | भएको | भएको | भएको | भएको |
| ४ | विपद् व्यवस्थापनको नीति तथा कानुन लागू | भएको/ नभएको | नभएको | भएको | भएको | भएको | भएको |
| २ | विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन | भएको/ नभएको | नभएको | भएको | भएको | भएको | भएको |
| ३ | विपद् प्रतिकार्य तालिम प्राप्त जनशक्ति | सङ्ख्या | - | - | ८० | १२० | १६० |
| ४ | विपद् जोखिम व्यवस्थापन स्वयंसेवक | सङ्ख्या | - | - | ८० | १२० | १६० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | आपतकालिन आश्रय स्थल | सङ्ख्या | - | - | ६ | ९ | १२ |
| | प्रतिफल | | | | | | |
| १ | विपद् व्यवस्थापनमा तालिम/अनुशिक्षण प्राप्त व्यक्तिहरू | सङ्ख्या | - | - | ८० | १२० | १६० |
| २ | वडा स्तरीर विपद् व्यवस्थापन समिति गठन | सङ्ख्या | - | - | ४ | ६ | ८ |
| ३ | आगालागि विरुद्ध पोखरी निर्माण | सङ्ख्या | - | - | २ | ३ | ३.५ |
| ४ | विषादि न्यूनीकरण तालिम प्राप्त कृषक | सङ्ख्या | - | - | ८० | १२० | १६० |
| ५ | जलवायु अनुकुलन र उत्थानशिलता सम्बन्धी तालिम प्राप्त व्यक्तिहरू | सङ्ख्या | - | - | ४० | ६० | ८० |
| ६ | पानी पूनर्जिविकरण पोखरी निर्माण | सङ्ख्या | - | - | ३ | ५ | ६ |
| ७ | सुरक्षित आवास सम्बन्धी तालिम प्राप्त व्यक्तिहरू | सङ्ख्या | - | - | ८० | १२० | १६० |
| ८ | वातावरण संरक्षण तथा जलवायु उत्थानशिलता सूचना शिक्षा सञ्चार कार्यक्रम | सङ्ख्या | - | - | २ | ३ | ४ |

### ६.४.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ७४: विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता कार्यक्रम आयोजनाको विवरण

| क्र.स. | कार्यक्रमआयोजना/ | एकाइ | वडा | अवधि सुरु र समाप्ति | जम्मा लक्ष्य | अनुमानित लागत रू हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| ४.० | **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता** | | | | | १६,१५० | |
| ४.१ | सामाजिक सुरक्षा क्षेत्रमा विपद जोखिम कार्यक्रमका लागि आवश्यक औजारको ब्यवस्थापन | गोटा | सबै | सालबसालि | ३ | १८०० | सामाजिक सुरक्षा क्षेत्रमा विपद जोखिम कार्यक्रमका लागि आवश्यक औजारको ब्यवस्थापन अभियान सुचारु हुनेछ |
| ४.२ | एकद्दार संकट व्यवस्थापनका लागि साँझेदारी | गोटा | सबै | २०८३८४/ | १ | ३०० | एकद्दार संकट व्यवस्थापनका लागि साँझेदारी संचालन |
| ४.३ | दमकल तथा पालिका प्रहरी खर्च व्यवस्थापन | गोटा | सबै | सालबसालि | ३ | २७०० | दमकल तथा पालिका प्रहरी खर्च व्यवस्थापन सम्पन्न हुनेछ |



मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.४ | विपदका लागि युवा स्वयम्सेवक तयारी र परिचालन | गोटा | सबै | सालबसालि | ३ | ६०० | विपदका लागि युवा स्वयम्सेवक तयारी र परिचालन कार्यक्रम सम्पन्न हुनेछन |
| ४.५ | प्रकोप व्यवस्थापन कोष | गोटा | सबै | सालबसालि | ३ | १५०० | प्रकोप व्यवस्थापन कोष सहयोग सम्पन्न हुनेछ |
| ४.६ | विपद प्रतिकार्य तालिम | पटक | सबै | सालबसालि | ३ | ४५० | विपद प्रतिकार्य तालिम सम्पन्न हुने र संचालनमा आउने I |
| ४.७ | आपतकालीन आश्रय स्थलहरु तोकी संरक्षण | गोटा | सबै | सालबसालि | १ | १८०० | आपतकालीन आश्रय स्थलहरु तोकी संरक्षण कार्यक्रम सम्पन्न हुनेछ |
| ४.८ | वार्ड स्तरीय  विपद व्यवस्थापन समिति गठन र परिचालन | गोटा | सबै | सालबसालि | ३ | ७५० | वार्ड स्तरीय विपद व्यवस्थापन समिति गठन र परिचालन सम्पन्न भई संचालन हुनेछ |
| ४.९ | सबै वार्डमा आगो नियन्त्रण उपकरण व्यवस्थापन | गोटा | सबै | सालबसालि | ६ | ९०० | सबै वार्डमा आगो नियन्त्रण उपकरण व्यवस्थापन निरन्तरता हुनेछ |
| ४.१० | जङ्गली आगो नियन्त्रणको सचेतना मुलक कार्यक्रम | जना | सबै | सालबसालि | ६० | ६०० | जङ्गली आगो नियन्त्रणको सचेतना मुलक कार्यक्रम विस्तार हुनेछ |
| ४.११ | अति जोखिमयुक्त स्थान अध्ययन गरि अर्ली वार्निंग सिस्टम स्थापना | गोटा | सबै | सालबसालि | ९ | १३५० | अति जोखिमयुक्त स्थान अध्ययन गरि अर्ली वार्निंग सिस्टम स्थापना जडान तथा सञ्चालन हुनेछ |
| ४.१२ | जोखिमयुक्त वस्तीहरुको पहिचान तथा विकल्पको अनुसन्धान | गोटा | सबै | २०८१८२/ | १ | १००० | जोखिमयुक्त वस्तीहरुको पहिचान तथा विकल्पको अनुसन्धान निर्माण कार्यक्रम सम्पन्न हुनेछ |
| ४.१३ | समुदायको प्रकोपको सामना गर्न सक्ने र पुन आफ्नो पुर्वावस्थामा फर्कनुलाई क्षमता विकास कार्यक्रम | जना | सबै | सालबसालि | ६० | ६०० | समुदायको प्रकोपको सामनाको तालिम कार्यक्रम सम्पन्न हुनेछ |
| ४.१४ | जलवायु परिवर्तन अनुकुल हुने खालको पूर्वाधार विकास उत्प्रेरणा कार्यक्रम | गोटा | सबै | सालबसालि | ३ | १२०० | जलवायु परिवर्तन अनुकुल हुने खालको पूर्वाधार विकास उत्प्रेरणा कार्यक्रम संचालन |
| ४.१५ | जलवायु मैत्री खेति प्रणालीको विकास सम्बन्धि तालिम | जना | सबै | सालबसालि | ६० | ६०० | जलवायु मैत्री खेति प्रणालीको विकास सम्बन्धि तालिम संचालन |

### ६.४.९ अनुमान तथा जोखिम पक्ष

विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिलताका कार्यक्रमहरूका लागि अनुमान गरिएको बजेट सहजरुपमा निकासा भएको हुने र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भएको हुने अनुमान गरिएको छ। विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिलताका कार्यक्रमहरूमा सरोकारवालाको सहभागिता हुने अनुमान गरिएको छ।

# परिच्छेद – ७

# संस्थागत सुशासन तथा व्यवस्थापन

## ७.१ कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ५७, उपधारा (४) मा स्थानीय तहको एकल अधिकार सम्बन्धमा व्यवस्था गरिएको छ। संविधानको अनुसूची ८ मा सोही बमोजिमको स्थानीय तहको एकल अधिकार सूची र अनुसूची ९ मा संघ प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची दिइएको छ। स्थानीय तहहरूले यही अनुसूचीमा व्यवस्था गरिएका अधिकार सूचीहरूभित्र रही सार्वजनिक जिम्मेवारी कार्यान्वयन गर्नुपर्ने हुन्छ। यही अनुसूचीका काम कर्तव्य र अधिकारहरूलाई कार्यान्वयन गर्न स्थानीय नीति रणनीति कानुन, कार्यविधि र मापदण्डहरू तर्जुमा गरी लागू गर्नुपर्ने हुन्छ। यसै अन्तर्गत यस गाउँपालिकाले कानुन न्याय तथा सुशासनको क्षेत्रमा रहेका समस्या र चुनौतीहरूको लेखाजोखा गरी आगामी आर्थिक वर्षहरूमा गर्नुपर्ने कार्यहरूको पहिचान गरी यहाँ समावेश गरिएको छ।

### ७.१.२ समस्या तथा चुनौती

यस योजना तर्जुमाको क्रममा कानुन, न्याय तथा सुशासन क्षेत्रमा रहेका समस्या र चुनौतीहरूको पहिचान गरिएको छ। संविधानले दिएको अधिकार सूचीका सबै अधिकार उपयोगका लागि कानुनहरू निर्माण तथा लागू नहुनु, हाल कार्यान्वयनमा रहेका कानुनहरूको प्रभावकारिता मूल्यांकन तथा सुधार कार्य नहुनु, सामाजिक उत्तरदायित्व प्रवर्द्धन सम्बन्धी स्थानीय कार्यविधि लागू नहुनु प्रमुख समस्याको रुपमा रहेका छन्। त्यस्तै सीमित जनशक्तिबाट गाउँपालिकाका कार्य सञ्चालन गर्नु परेकोले सबै क्षेत्रका कानुन, कार्यविधि र सुशासनका क्रियाकलापहरू सम्पादन गर्ने कार्य मुख्य चुनौतीको रुपमा रहेको छ।

### ७.१.३ सोच

स्थानीय नीति तथा ऐनमा पूर्णता, सुशासन सहितको गाउँपालिका।

### ७.१.४ उद्देश्य

क) स्थानीयस्तरका ऐन कानुनहरूको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नु,
ख) गाउँपालिकामा विधिको शासन प्रवर्द्धन गर्नु ।

### ७.१.५ रणनीति

क) गाउँपालिकाको अधिकार क्षेत्रभित्रका ऐन कानुनहरू तर्जुमा गरी कार्यान्वयन गर्ने,
ख) प्रशासनिक सेवा प्रवाहमा विधिको शासन, निश्पक्षता, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने ।

### ७.१.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ७५: संस्थागत सुशासन तथा व्यवस्थापन विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | एकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | स्थानीय ऐन तथा कार्यविधि लागू | प्रतिशत | - | - | ४५ | ५५ | ६० |
| २ | यथार्थ पूजिगत खर्च | प्रतिशत | - | - | ५० | ६० | ७० |
| ३ | बेरुजुको प्रबृत्ति | प्रतिशत | - | - | ८ | ६ | ४ |
| ४ | सेवामा सन्तुष्ट नागरिक | प्रतिशत | - | - | ६० | ६५ | ७० |
| ५ | भ्रष्टचार गरेको सम्बन्धमा परेका मुद्दा | सङ्ख्या | - | - | ० | ० | ० |
| ६ | भ्रष्टचार गरेको सम्बन्धमा परेका मुद्दाको किनारा | प्रतिशत | - | - | १०० | १०० | १०० |
| | प्रतिफल | | | | | | |
| १ | भ्रष्टचार सुन्य सहनशिलता कार्यक्रम कार्यान्वयन | भएको/नभएको | नभएको | भएको | भएको | भएको | भएको |
| २ | योजना तथा खर्च सार्वजनिक गर्ने कार्य | भएको/नभएको | भएको | भएको | भएको | भएको | भएको |
| ३ | सार्वजनिक परीक्षण | भएको/नभएको | भएको | भएको | भएको | भएको | भएको |
| ४ | सामाजिक परीक्षण | भएको/नभएको | - | - | भएको | भएको | भएको |
| ५ | सार्वजनिक सुनुवाई | भएको/नभएको | भएको | भएको | भएको | भएको | भएको |
| ६ | कानुनको प्रभावकारिता मूल्यांकन | सङ्ख्या | - | - | १० | १५ | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | बेरुजु अध्ययन, अनुसन्धान (वार्षिक) | भएको/नभएको | - | - | २ | ३ | ४ |
| ८ | कुल खर्चमा बेरुजुको अंक | प्रतिशत | - | - | १५ | १० | ५ |
| ९ | व्यवस्थापन परीक्षण (LISA) को प्राप्ताङ्क | प्रतिशत | - | - | ७० | ७५ | ८० |
| १० | वित्तीय सुशासन जोखिम मूल्यांकनको प्राप्ताङ्क | प्रतिशत | - | - | ६० | ७० | ८० |
| ११ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण | भएको/नभएको | - | - | भएको | भएको | भएको |
| १२ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्राप्ताङ्क | प्रतिशत | - | - | ६० | ७० | ८० |
| १३ | अनलाइन सेवा प्रवाहको प्रकार | सङ्ख्या | - | - | ४ | ५ | ६ |
| १४ | गाउँपालिकाको प्रगति प्रतिवेदन प्रकाशन | भएको/नभएको | - | - | भएको | भएको | भएको |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ७६: संस्थागत सुशासन तथा व्यवस्थापन स्रोतको त्रिवर्षीय अनुमान

| **आर्थिक वर्ष** | **विनियोजन तथा प्रक्षेपण** | | | | **बजेटको स्रोत** | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक आय | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ४,४०० | ४,४०० | ० | ० | ४,४०० | ० | ० |
| २०८२/८३ | ४,४०० | ४,४०० | ० | ० | ४,४०० | ० | ० |
| २०८३/८४ | ४,७०० | ४,७०० | ० | ० | ४,७०० | ० | ० |
| **जम्मा** | १३,५०० | १३,५०० | ० | ० | १३,५०० | ० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ७७: संस्थागत सुशासन तथा व्यवस्थापन कार्यक्रम आयोजनाको विवरण

| **क्र सं** | **क्रियाकलापको नाम** | **अवधि शुरु र समाप्ति** | **इकाई** | **जम्मा लक्ष्य** | **अनुमानित लागत रु (हजार)** | **आगामी तीन वर्षको उपलब्धि सूचक** |
|---|---|---|---|---|---|---|



मध्यमकालीन खर्च संरचना

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **क** | स्थानीय नीति तथा कानुनहरू तर्जुमा तथा अनुसन्धान | | | | | |
| १ | नीति तथा कानून निर्माण / संसोधन | सालवसाली | गोटा | ३० | १,५०० | कम्तीमा ३० वटा नीति तथा कानुन निर्माण भएको हुनेछ। |
| २ | नीति तथा कानून अभिमूखिकरण | सालवसाली | गोटा | ३ | १,५०० | कम्तीमा ३ वटा नीति तथा कानुन अभिमूखीकरण कार्यक्रम भई ३०० जना लाभान्वित भएको हुनेछ। |
| २ | स्थानीय कानुनहरूको प्रभावकारिता मूल्यांकन | सालवसाली | गोटा | ३ | १,५०० | स्थानीय कानुनको प्रभावकारीता मूल्यांकन ३ वटा भएको हुनेछ। |
| | जम्मा | | | ३६ | ४५०० | |
| **ख** | कानुन तथा न्याय व्यवस्थापन | | | | | |
| १ | ईजलासको व्यवस्थापन तथा सञ्चालन | सालवसाली | गोटा | ३ | १,५०० | इजलास स्थापना र सञ्चालन भएको हुनेछ। |
| २ | वडा मेलमिलाप केन्द्र सञ्चालन | सालवसाली | गोटा | ३ | १,९०० | सबै वडामा मेलमिलाप केन्द्र सञ्चालन भएको हुनेछ। |
| ३ | न्यायिक समिति बैठक | सालवसाली | गोटा | ३ | ६०० | कम्तीमा ३६ वटा न्यायिक समिति बैठक भएको हुनेछ। |
| ४ | मेलमिलापकर्ता क्षमता विकास तालिम | सालवसाली | गोटा | ३ | ९०० | मेलमिलापकर्ताहरूको पेशागत क्षमता विकास भएको हुनेछ। |
| ५ | विवाद निरुपण खर्च | सालवसाली | गोटा | ३ | ३०० | गाउँपालिकाका अधिकांश विवादहरू निरुपण भएको हुनेछ। |
| ६ | मनोविमर्श कार्यक्रम | सालवसाली | गोटा | ३ | ६०० | मनोविमर्श कार्यक्रमबाट कम्तीमा १०० जना लाभान्वित भएको हुनेछ। |
| ७ | हिंसा पीडितलाई सहयोग कार्यक्रम | सालवसाली | गोटा | ३ | १,५०० | कम्तीमा १०० जना हिंसापिडीतहरूलाई सहयोग भएको हुनेछ। |
| ८ | न्यायिक समितिसँग सम्बन्धीत अन्य कार्यक्रम | सालवसाली | गोटा | ३ | १,२०० | न्यायिक समितिको कार्यालय व्यवस्थापन सुधार भएको हुनेछ। |
| | जम्मा | | | २४ | ८५०० | |
| **ग** | जवाफदेहिता तथा पारदर्शिता प्रवर्द्धन | | | | | |
| १ | सार्वजनिक सुनुवाई | सालवसाली | गोटा | ९ | ९०० | जम्मा ९ वटा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको हुनेछ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | सामाजिक परीक्षण | सालवसाली | गोटा | ३ | १,५०० | जम्मा ३ वटा सामाजिक परीक्षण कार्यक्रम सम्पन्न भएको हुनेछ। |
| ३ | संस्थागत स्वमूल्यांकन | सालवसाली | गोटा | ३ | १,५०० | जम्मा ३ वटा संस्थागत स्वमूल्यांकनमा सहजीकरण भएको हुनेछ। |
| ४ | लैससास परीक्षण (GESI Audit) | सालवसाली | गोटा | ३ | १,५०० | जम्मा तीनवटा लैससास परीक्षण भएको हुनेछ। |
| ५ | नागरिक सन्तुष्टि अध्ययन | सालवसाली | गोटा | ३ | १,५०० | जम्मा तीनवटा नागरिक सन्तुष्टि अध्ययन भएको हुनेछ। |
| ६ | सञ्चार माध्यमसँग गाउँपालिका | सालवसाली | गोटा | ३ | १,१०० | गाउँपालिकाले पार्दर्शिताका लागि सञ्चार माध्यमसँग नियमितरुपमा साझेदारी भएको हुनेछ। |
| ७ | नपा प्रगति प्रतिवेदन प्रकाशन | सालवसाली | गोटा | ३ | १,००० | जम्मा तीनवटा गाउँपालिकाको वार्षिक प्रतिवेदन प्रकाशित भएको हुनेछ। |
| | जम्मा | | | २७ | ९००० | |
| | कुल जम्मा | | | ६३ | १३५०० | |

### ७.१.९ अनुमान तथा जोखिम पक्ष

गाउँपालिकाको कानुन न्याय र सुशासनका क्षेत्रमा समावेश गरिएका कार्यक्रमहरूका लागि विनियोजन गरिएका बजेटको सहज प्राप्ति हुने र यी कार्यक्रम प्रभावकारी कार्यान्वयन हुने अनुमान गरिएको छ। गाउँपालिकाले तर्जुमा गरेका कानुन, नीति, रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमा पदाधिकारी र कर्मचारीहरूको सक्रियता रहने अनुमान गरिएको छ।

## ७.२ संगठनात्मक विकास

### ७.२.१ पृष्ठभूमि

गाउँपालिकाको समग्र कार्य सम्पादनमा प्रभावकारिता कायम गर्दै निर्दिष्ट उद्देश्य र सूचकहरूको प्राप्तिका लागि सशक्त सँगठन र मानव संसाधन तयार हुनु अपरिहार्य छ। यसर्थ, यस क्षेत्रका प्रमुख समस्या र चुनौतीहरूको विश्लेषण गरी कार्यक्रमहरू पहिचान गरिएको छ। सँगठनभित्र नेतृत्व तथा क्षमता विकास, आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना, व्यवस्थापन अनुसन्धान, व्यवस्थापन सूचना प्रणाली र प्रविधि विकासमा भएका प्रगतिहरूको समीक्षा गरी आवश्यकता पहिचान गर्नुपर्ने आवश्यकता रहेको छ। यस गाउँपालिकाको हकमा पनि

मध्यमकालीन खर्च संरचना

यसको सँगठनात्मक विकासमा अपेक्षाकृत सुधार गरी गाउँपालिकाबासीहरूलाई गरिने सेवा प्रवाहमा प्रभावकारिता ल्याउने वा नतिजामुखी बनाउनु पर्ने आजको आवश्यकता हो । साथै गाउँपालिकाभित्रका नागरिक/सामुदायिक सँगठनहरूलाई पनि स्थानीय सरकारको सहयोगी बनाउन जरुरी छ । सिद्धान्ततः स्थानीय सरकारले निजी क्षेत्र र नागरिक समाजसँगको सहकार्यमा सबै किसिमका विकास तथा प्रशासनका गतिविधिहरू कार्यान्वयन गर्दा नागरिकहरूको सुशासन प्रतिको अपेक्षा पुरा गर्न सहज हुने गर्दछ ।

### ७.२.२ समस्या तथा चुनौती

गाउँपालिकाको सँगठन र मानव संसाधन क्षेत्रमा केही समस्या र चुनौतीहरू रहेका छन् । स्थानीय सरकार संचालनका लागि गाउँपालिकाको अनुभवमा कमी रहनु, सँगठन विकासका लागि प्राविधिक सीपयुक्त कर्मचारीहरू सीमित सङ्ख्यामा रहनु,जन प्रतिनिधि र कर्मचारीहरूमा सँगठनात्मक विकासको अवधारणा विकास भैनसक्नु, नागरिक/सामुदायिक संस्था/समुहहरूको स्थानीय शासन प्रक्रियामा अर्थपूर्ण सहभागिताका लागि क्षमता विकास भई नसक्नु र सेवा प्रवाहमा प्रविधि प्रयोगको वृद्धि अपेक्षा गरिएको स्तरमा विकास भैनसक्नु आदि समस्याका रुपमा रहेका छन् । यसर्थ योजना आयोजना र सेवा प्रवाहमा गुणस्तर कायम गर्नु, समयमा कार्य सम्पादन गर्नु, रणनीतिक तथा आवधिक योजनाहरूको अधिकतम् कार्यान्वयन गर्नु, नागरिक/सामुदायिक संस्था/समुहहरूको अर्थपूर्ण सहभागिता र जिम्मेवार बनाउनु आदि मुख्य चुनौतीका रुपमा रहेका छन् ।

### ७.२.३ सोच

गाउँपालिकाको उत्कृष्ट सँगठनात्मक विकास, सुशासन सहितको समृद्धिको निकास ।

### ७.२.४ उद्देश्य

क) गाउँपालिकाको आन्तरिक व्यवस्थापन प्रणालीलाई समय सापेक्ष सुधार गर्नु,

ख) सरोकारवाला संस्था निकायको क्षमता विकास र साझेदारी गर्नु ।

### ७.२.५ रणनीति

क) गाउँपालिकाको आन्तरिक व्यवस्थापन प्रणालीलाई सुधार तथा स्तरोन्नति गर्ने,

ख) नागरिक/सामुदायिक संस्था/समुह र सरोकारवाला संस्था निकायको सँगठनात्मक क्षमता अभिबृद्ध गराई स्थानीय शासन प्रक्रियामा साझेदारी गर्ने ।

मध्यमकालीन खर्च संरचना

### ७.२.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ७८: सँगठनात्मक विकास तथा मानव संशाधन विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | आयोजना बैंक उपयोग | भएको/नभएको | नभएको | नभएको | भएको | भएको | भएको |
| २ | क्षमता विकास योजना लागू | भएको/नभएको | नभएको | नभएको | भएको | भएको | भएको |
| ३ | आवधिक गाउँपालिका विकास कार्यान्वयन | भएको/नभएको | नभएको | नभएको | भएको | भएको | भएको |
| ४ | मध्यमकालिन खर्च संरचना कार्यान्वयन | भएको/नभएको | नभएको | नभएको | भएको | भएको | भएको |
| | प्रतिफल | | | | | | |
| १ | आयोजना बैंक निर्माण | सङ्ख्या | - | - | १ | १ | १ |
| २ | क्षमता विकास योजना निर्माण | सङ्ख्या | - | - | ० | ० | १ |
| ३ | आवधिक गाउँपालिका विकास योजना | सङ्ख्या | - | १ | ० | ० | ० |
| ४ | मध्यमकालिन खर्च संरचना निर्माण | सङ्ख्या | - | १ | ० | ० | १ |
| ५ | सँगठन तथा व्यवस्थापन (O&M) अध्ययन | सङ्ख्या | - | - | १ | ० | ० |
| ६ | शाखागत कार्यसम्पादन परीक्षण | सङ्ख्या | - | - | १ | १ | १ |
| ७ | सँगठन तथा व्यवस्थापन अनुसन्धान तथा विकास | सङ्ख्या | - | - | १ | १ | १ |
| ८ | अन्तर स्थानीय तह अनुभव साटासाट कार्यशाला | सङ्ख्या | - | - | १ | १ | १ |
| ९ | सूचना प्रविधि सामाग्री स्तरोन्नति | सङ्ख्या | - | - | १ | १ | १ |
| ११ | क्षमता विकास तालिममा सहभागी टोल विकास संस्था | सङ्ख्या | - | - | ९ | ९ | ९ |
| १२ | क्षमता विकास तालिममा सहभागी आमा समुह | सङ्ख्या | - | - | ९ | ९ | ९ |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१३** | क्षमता विकास तालिममा सहभागी नागरिक सञ्जालहरू | सङ्ख्या | - | - | १ | १ | १ |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ७९: सँगठनात्मक विकास तथा मानव संशाधन स्रोतको त्रिवर्षीय अनुमान

| **आर्थिक वर्ष** | **विनियोजन तथा प्रक्षेपण** | | | | **बजेटको स्रोत** | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक आय | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ६,७०० | ६,२०० | ५०० | ० | ६,२०० | ५०० | ० |
| २०८२/८३ | ७,६०० | ७,१०० | ५०० | ० | ७,१०० | ५०० | ० |
| २०८३/८४ | ७,६०० | ७,१०० | ५०० | ० | ७,१०० | ५०० | ० |
| **जम्मा** | २१,९०० | २०,४०० | १,५०० | ० | २०,४०० | १,५०० | ० |

### ७.२.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ८०: सँगठनात्मक विकास तथा मानव संशाधन कार्यक्रम आयोजनाको विवरण

| **क्र सं** | **क्रियाकलापको नाम** | **अवधि शुरु र समाप्ति** | **इकाई** | **जम्मा लक्ष्य** | **अनुमानित लागत रु (हजार)** | **आगामी तीन वर्षको उपलब्धि सूचक** |
|---|---|---|---|---|---|---|
| **क** | आन्तरिक व्यवस्थापन क्षमता विकास | | | | | |
| १ | मध्यमकालिन खर्च संरचना | सालबसाली | गोटा | ३ | १,५०० | हरेक वर्ष मध्यमकालिन खर्च संरचना तर्जुमा भएको हुनेछ। |
| २ | कार्यालय अटोमेशन | सालबसाली | गोटा | ३ | १,५०० | कार्यालय अटोमेशन जडान र सञ्चालन भएको हुनेछ। |
| ३ | गाउँपालिका प्रहरी प्रोत्साहन | सालबसाली | गोटा | ३ | १,७०० | गाउँपालिका प्रहरीहरूका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ४ | ट्राफिक/यातायात व्यवस्थापन | सालबसाली | गोटा | ३ | १,५०० | गाउँपालिका क्षेत्रमा ट्राफिक व्यवस्थापन सुचारु भएको हुनेछ। |
| ५ | सार्वजनिक सम्पर्क नं भएको स्टिकर प्रकाशन | सालबसाली | गोटा | ३ | १,४०० | सबै वडाका लागि सार्वजनिक सम्पर्क नं भएको स्टिकर छपाइ गरी वितरण भएको हुनेछ। |
| ७ | सँगठन तथा व्यवस्थापन (O&M) अध्ययन | २०८२/८३ | गोटा | १ | ५०० | गाउँपालिकाको सँगठन तथा व्यवस्थापन अध्ययन भई कार्यान्वयन भएको हुनेछ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | शाखागत कार्यसम्पादन परीक्षण | सालबसाली | गोटा | ३ | १,३०० | वार्षिक रुपमा शाखागत कार्यसम्पादन परीक्षण भएको हुनेछ। |
| ९ | सँगठन तथा व्यवस्थापन अनुसन्धान तथा विकास | २०८१/८२ | गोटा | १ | ५०० | सँगठन तथा व्यवस्थापन सम्बन्धमा अनुसन्धान भएको हुनेछ। |
| १० | अन्तर स्थानीय तह अनुभव साटासाट कार्यशाला | सालबसाली | गोटा | ३ | ४०० | अन्तरस्थानीय तह अनुभव साटासाट भएको हुनेछ। |
| ११ | सूचना प्रविधि सामाग्री स्तरोन्नति | सालबसाली | गोटा | ३ | १,५०० | गाउँपालिकाको कार्यालयमा सूचना प्रविधि सामाग्री थप गरी अद्यावधिक भएको हुनेछ। |
| १२ | संस्थागत क्षमता विकासका अन्य कार्यहरू | सालबसाली | | २ | १,००० | गाउँपालिकाको सेवा प्रवाह क्षमता विकास भएको हुनेछ। |
| | जम्मा | | | २८ | १२,८०० | |
| **ख** | सरोकारवाला संस्था निकायसँग क्षमता विकास र साझेदारी | | | | | |
| १ | उपभोक्ता समितिलाई अभिमुखीकरण | सालबसाली | गोटा | ३ | १,५०० | सबै उपभोक्ता समितिहरूले परियोजना सञ्चालन विधि बारेमा जानकारी प्राप्त गरेको हुनेछ। |
| २ | टोल विकास संस्थाको क्षमता विकास | सालबसाली | गोटा | २७ | २,७०० | सबै टोल विकास संस्थाहरू आफ्नो भूमिका बारेमा जानकार भएको हुनेछ। |
| ३ | आमा समूहको क्षमता विकास | सालबसाली | गोटा | २७ | २,७०० | सबै आमा समूहहरू आफ्नो भूमिका र संस्था सञ्चालन सम्बन्धमा जानकार भएको हुनेछ। |
| ४ | नागरिक सञ्जालहरूको क्षमता विकास | सालबसाली | गोटा | ८ | १,३०० | नागरिक सञ्जालहरूले समाजमा आफ्नो भूमिका र दायित्व बारेमा जानकार भएको हुनेछ। |
| ५ | सरोकारवाला संस्था/निकायसँग सँगठनात्मक विकासका लागि समन्वय र साझेदारी | सालबसाली | गोटा | ३ | ९०० | गाउँपालिकाको सँगठनात्मक विकासका लागि सरोकारवाला निकायहरूसँग समन्वय र साझेदारी स्थापना भएको हुनेछ। |
| | जम्मा | | | ६८ | ९,१०० | |
| | कुल जम्मा | | | ९६ | २१,९०० | |

### ७.२.९ अनुमान तथा जोखिम पक्ष

गाउँपालिकाको सँगठनात्मक विकासका लागि समावेश गरिएका रणनीति, कार्यनीति र कार्यक्रमहरू यस योजना अवधिभित्र सूचारु सञ्चालन हुने अनुमान गरिएको छ । सँगठनात्मक विकासको कार्यक्रमहरूलाई नतिजामुखी तुल्याउन निर्वाचित पदाधिकारी तथा कर्मचारीहरू प्रतिवद्ध र समयसीमामा कार्यक्रमहरू सम्पादन गर्न सक्षम हुनेछन् । गाउँपालिकाको सँगठनात्मक विकासका लागि सरोकारवाला र विकास साझेदारहरूले सहकार्य र साझेदारी गर्ने कार्य सफल हुने अनुमान गरिएको छ ।

## ७.३ स्रोत परिचालन तथा योजना व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार र अनुसूची ९ मा साझा अधिकारहरू विभाजन गरिएका छन् । यी एकल र साझा अधिकारहरूमा तोकिएका स्रोतहरूबाट आय संकलन र उपयोग गर्न सकिने व्यवस्था रहेको छ । यही आर्थिक अधिकार क्षेत्रभित्र गाउँपालिकाले हालसम्म कति व्यवस्थित रुपमा आर्थिक अधिकारलाई उपयोग गरी आयका स्रोतहरूको परिचालन गरेको छ भन्ने बारेमा बिश्लेषण गरी आगामी आर्थिक वर्षहरूका लागि सम्भावित क्षेत्रहरू र सोको उपयोग सम्बन्धमा योजनामा समावेश गरिएको छ ।

त्यस्तै, गाउँपालिकाले स्थानीय नागरिकहरूका लागि आधारभूत पूर्वाधार तथा आर्थिक सामाजिक सशक्तीकरणका कार्यक्रमहरू कार्यान्वयन गर्न विभिन्न योजनाहरू लागू गर्नुपर्ने हुन्छ । यी योजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि योजनाबद्ध गतिविधिहरू सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने हुन्छ । योजना कार्यान्वयनको पनि योजना बनाई सोही अनुसार व्यवस्था गर्नुपर्ने भएकोले आगामी आर्थिक वर्षहरूका लागि योजना व्यवस्थापनका गतिविधिहरू तयार गरिएको छ ।

### ७.३.२ समस्या तथा चुनौती

गाउँपालिकाका आयका स्रोतहरूको पहिचान र उपयोग गर्ने क्रममा केही समस्या र चुनौतीहरू रहेका छन् । राजस्वका सम्भावित स्रोतहरूको पहिचान र उपयोगमा कमी, सम्पत्ति करका सबै करदाताहरू करको दायरामा आइनसक्नु, गाउँपालिकामा उत्पादनशिल उद्योगहरूको प्रवर्द्धन नहुनु, नागरिकहरूमा राजस्व सम्बन्धमा सूचना र

मध्यमकालीन खर्च संरचना

ज्ञानमा कमी हुनु, राजस्व शाखाको क्षमता अपेक्षाकृत रुपमा कमजोर हुनु, आर्थिक सामाजिक विकासका आयोजनाहरूको कार्यान्वयन समयमा नहुनु, योजना/आयोजनाहरूका मूल्यांकन प्रभावकारी नहुनु आदि समस्याहरू रहेका छन् । साथसाथै सम्पत्ति कर सबै घरधुरीहरूमा लागू गर्नु, आवासीय प्रयोजनका लागि घर बहालमा दिने घरधनीहरू करको दायरामा ल्याउनु, नदीजन्य पदार्थहरूको निकासीमा नियमन गर्नु र आयोजनाहरू समयमै सम्पन्न गर्नु र गुणस्तर नियन्त्रण गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

### ७.३.३ सोच

गाउँपालिकाका आर्थिक स्रोतहरूको समुचित उपयोग, गाउँपालिकाबासीको समृद्धिको सुनिश्चितता ।

### ७.३.४ उद्देश्य

क) आन्तरिक राजस्व प्रणालीको सवलीकरण गर्नु,

ख) योजना/आयोजनाहरूको प्रभावकारी कार्यान्वयन गर्नु ।

### ७.३.५ रणनीति

क) आन्तरिक राजस्व प्रणालीको सवलीकरण गरी आन्तरिक आयको दिगो व्यवस्थापन गर्ने ।

ख) योजना/ आयोजनाहरूको प्रभावकारी कार्यान्वयन गरी समयसीमा तथा गुणस्तर अभिवृद्धि गर्ने ।

### ७.३.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ८१: स्रोत परिचालन विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | औषत वार्षिक आन्तरिक आय | रु (लाख) | - | - | ११७२ | १२९४ | १४१२ |
| २ | कार्यक्रम खर्चको प्रगति (वार्षिक) | प्रतिशत | - | - | ५० | ६० | ७० |
| | प्रतिफल | | | | | | |
| १ | राजस्व अनुसन्धान तथा सुधार कार्ययोजना तर्जुमा | सङ्ख्या | - | - | ० | ० | १ |
| २ | राजस्व शाखाका कर्मचारी क्षमता विकास तालिम | सङ्ख्या | - | - | ० | ० | १ |



मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | कर राजस्व सम्बन्धी सूचना शिक्षा र सञ्चार कार्यक्रम | सङ्ख्या | - | - | १ | १ | १ |
| ४ | राजस्व सफ्टवेयर स्तरोन्नति / अद्यावधिक | सङ्ख्या | - | - | १ | | १ |
| ५ | खरिद गुरुयोजना तर्जुमा | सङ्ख्या | - | - | ० | ० | ० |
| ६ | योजना अनुगमन तथा मूल्यांकन - आन्तरिक र वाह्य पक्षवाट | पटक | - | - | १ | १ | १ |
| ७ | योजना सफ्टवेयर तयारी र अद्यावधिक | सङ्ख्या | - | - | ० | ० | १ |
| ८ | आयोजना व्यवस्थापनका गतिविधिहरू (उपभोक्ता समिति तालिम, योजना अनुगमन, सूचना शिक्षा सञ्चार आदि) | सङ्ख्या | - | - | १ | १ | १ |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ८२: स्रोत परिचालन विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | | | बजेटको स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक आय | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ४,४०० | ४,४०० | ० | ० | ४,४०० | ० | ० |
| २०८२/८३ | ४,६५० | ४,६५० | ० | ० | ४,६५० | ० | ० |
| २०८३/८४ | ४,९२० | ४,९२० | ० | ० | ४,९२० | ० | ० |
| **जम्मा** | १३,९७० | १३,९७० | ० | ० | १३,९७० | ० | ० |

### ७.३.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ८३: स्रोत परिचालन कार्यक्रम/आयोजनाको विवरण

| क्र सं | क्रियाकलापको नाम | अवधि शुरु र समाप्ति | इकाई | जम्मा लक्ष्य | अनुमानित लागत रु (हजार) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| **क** | आन्तरिक राजस्व सवलीकरण | | | | | |
| १ | राजस्व सुधार कार्ययोजना कार्यान्वयन परीक्षण | सालबसाली | गोटा | ३ | ६०० | राजस्व सुधार कार्ययोजनाको वार्षिक रुपमा परीक्षण भएको हुनेछ। |
| २ | गाउँपालिकाक्षेत्रका बजार अनुगमन | सालबसाली | गोटा | ३ | ६०० | गाउँपालिकाक्षेत्रकाका बजार अनुगमन भएको हुनेछ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | व्यवसाय तथ्यांक संकलन र वार्षिक अद्यावधिकरण | सालबसाली | गोटा | ३ | ६०० | व्यवसाय तथ्यांक संकलन र सोको वार्षिक रुपमा अद्यावधिक भएको हुनेछ । |
| ४ | राजस्व शाखा सवलीकरण | सालबसाली | गोटा | ३ | १,५०० | राजस्व शाखाहरूको पूर्वाधार र प्रविधि सुधार भएको हुनेछ । |
| ५ | राजस्व शाखाका कर्मचारी क्षमता विकास तालिम | सालबसाली | | ३ | ६०० | राजस्व शाखाका सबै कर्मचारीहरूमा पेशागत सक्षमता विकास भएको हुनेछ । |
| ६ | कर राजस्व सम्बन्धी सूचना शिक्षा र सञ्चार कार्यक्रम | सालबसाली | गोटा | ३ | १,०२० | कर तथा गैरकर राजस्व सम्बन्धी सूचना शिक्षा र सञ्चार कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| ७ | राजस्व सफ्टवेयर स्तरोन्नति / अद्यावधिक गर्ने | सालबसाली | गोटा | ३ | ६०० | राजस्वको अनलाइन सफ्टवेयर अध्यावधिक भएको हुनेछ । |
| | जम्मा | | | २१ | ५,५२० | |
| **ख** | योजना/आयोजना व्यवस्थापन | | | | | |
| १ | गाउँपालिका प्रगति समीक्षा गोष्ठी | सालबसाली | गोटा | ३ | १,१०० | वार्षिक रुपमा गाउँपालिकाको प्रगति समीक्षा भएको हुनेछ । |
| २ | वातावरण प्रभाव मूल्यांकन | सालबसाली | गोटा | ३ | ३,००० | आवश्यकतानुसार वातावरण प्रभाव मूल्यांकन भएको हुनेछ । |
| ३ | जिल्ला समन्वय समितिसँग ल्याब टेस्ट सञ्चालन साझेदारी | सालबसाली | गोटा | ३ | ९०० | जिसससँगको समन्वयमा गुणस्तर परीक्षण ल्याव सञ्चालन भएको हुनेछ । |
| ४ | सार्वजनिक सम्पत्तिको तथ्याङ्क संकलन तथा अद्यावधिकीकरण | सालबसाली | गोटा | ३ | ४५० | गाउँपालिका क्षेत्रका सार्वजनिक सम्पत्तिहरूको तथ्यांक संकलन र अद्यावधिक भएको हुनेछ । |
| ५ | योजना अनुगमन तथा मूल्यांकन - वाह्य पक्षवाट | सालबसाली | गोटा | ३ | ९०० | वार्षिक रुपमा बाह्य पक्षबाट योजनाहरूको अनुगमन तथा मूल्यांकन भएको हुनेछ । |
| ६ | योजना सफ्टवेयर तयारी र अद्यावधिकिकरण | सालबसाली | गोटा | ३ | ६०० | गाउँपालिकामा योजना सफ्टवेयर सञ्चालन भएको हुनेछ । |
| ७ | आयोजना व्यवस्थापन | सालबसाली | गोटा | ३ | १,५०० | आयोजनाहरूको विस्तृत विवरण सहितको तथ्यांक संकलन र अद्यावधिक भएको हुनेछ । |
| | जम्मा | | | २१ | ८,४५० | |
| | कुल जम्मा | | | ४२ | १३,९७० | |

### ७.३.९ अनुमान तथा जोखिम पक्ष

गाउँपालिकाका आयका स्रोतहरूको प्रभावकारी परिचालन कार्यमा निर्वाचित पदाधिकारी तथा कर्मचारीहरू प्रतिवद्ध र उत्साहित रहने अनुमान गरिएको छ। आर्थिक स्रोत परिचालनका लागि तयार गरिएको वार्षिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भएको हुनेछ। विभिन्न सशर्त कार्यक्रमहरूका लागि आर्थिक स्रोत जुटाउन र उपलब्ध गराउन विकास साझेदारहरू सहकार्य र साझदारीमा संलग्न भएको हुनेछन्।

## ७.४ मानव संसाधन तथा सेवा प्रवाह

### ७.४.१ पृष्ठभूमि

गाउँपालिकाको दैनिक सेवा सञ्चालनका लागि मानव संसाधन तथा सेवा प्रवाहको क्षेत्रमा सक्षमता विकास गर्नुपर्ने हुन्छ। सेवाको प्रकृति अनुसारका शाखा तथा उपशाखाहरूको सञ्चालन गर्नका लागि दक्ष जनशक्ति तयार गर्ने कार्य गाउँपालिकाको आफ्नै जिम्मेवारी हो। निर्वाचित जनप्रतिनिधिहरू पनि स्थानीय शासन पद्दति र सेवा क्षेत्रको बारेमा जानकार हुन जरुरी छ। यसर्थ निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरू सक्षम तुल्याउनका लागि आवश्यक कार्यक्रमहरू पहिचान गरी यस योजनामा समावेश गरिएको छ।

साथै नागरिकहरूलाई उपलब्ध गराउनु पर्ने सेवाहरू छिटो छरितो र नतिजामूखी तुल्याउनका लागि सेवा प्रवाह प्रणालीमा पनि सुधार गर्नुपर्ने अपरिहार्यता रहेको छ। हालको अवस्थालाई अवलोकन गर्दा सेवा प्रवाहमा अपेक्षाकृत विकास नभएको कारण समयमै तोकिएका कार्यक्रमहरू सम्पन्न नहुने, सेवाको गुणस्तरमा सुधार गर्नुपर्ने पक्षहरू रहेको महसुस भएको हुँदा सुधारका गतिविधिहरू पहिचान गरी योजनामा समावेश गरिएको छ।

### ७.४.२ समस्या तथा चुनौती

गाउँपालिकाको तथ्यांक प्रणाली व्यवस्थापनमा केही समस्या र चुनौतीहरू रहेका छन् , जसले उत्कृष्ट तथ्यांक तथा योजना व्यवस्थापनमा प्रभाव पारिरहेका छन्। पदाधिकारी र कर्मचारीमा संस्थागत क्षमतामा कमी, कर्मचारीहरूलाई कामप्रति अभिप्रेरित गर्ने उपायहरूको खोजी र उपयोग नहुनु, गाउँपालिकाको आधारभूत तथ्यांक प्रणाली कमजोर हुनु, सेवा प्रवाहमा प्रवधि र अनलाइन एप्लिकेसनहरू सीमित रुपमा सञ्चालन हुनु, सेवा प्रवाह सुधारका लागि अध्ययन अनुसन्धानका कार्यक्रम सञ्चालन नहुनु, सेवाग्राहीमैत्री वातावरण विकास अपेक्षाकृत स्तरमा नहुनु जस्ता

समस्याहरू रहेका छन् । साथै स्थानीय नीति तथा कानुनहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु, गाउँपालिकाको उत्तरी भेगका वडाहरूमा दूर्गमताको कारण सेवा प्रवाहमा प्रभाव पर्नु र गरिब तथा असहायका लागि कानुन तथा न्यायको पहुँच कमजोर रहनु जस्ता चुनौतीहरू पनि रहेका छन् ।

### ७.४.३ सोच

दक्ष र मानव संसाधनको विकास, छिटो छरितो र नतिजामुखी सेवाको निकास ।

### ७.४.४ उद्देश्य

क) सक्षम मानव संसाधन तयार गर्नु,

ख) सेवा प्रवाहलाई छिटो छरितो र नतिजामुखी बनाउनु,

ग) सूचना तथा तथ्यांक प्रणाली अद्यावधिक गर्नु ।

### ७.४.५ रणनीति

क) गाउँपालिकाका मानव संसाधनको क्षमता विकास र काम प्रति उत्प्रेरित गर्ने,

ख) गाउँपालिकाले प्रवाह गर्ने सेवाको गुणस्तर बढाउने,

ग) शाखागत आधारभूत तथ्यांक व्यवस्थापनलाई अनलाइन एप्लिकेसन मार्फत व्यवस्थित बनाउने ।

### ७.४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ८४: मानव संसाधन र सेवा प्रवाह विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०७९/८० यथार्थ | आ. व. २०८०/८१ अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ |
| | असर | | | | | | |
| १ | संस्थागत तालिम प्राप्त जनप्रतिनिधि | प्रतिशत | ० | ५० | १०० | १०० | १०० |
| २ | पेशागत तालिम प्राप्त कर्मचारी | प्रतिशत | ५० | ६० | १०० | १०० | १०० |
| | प्रतिफल | | | | | | |
| १ | क्षमता विकास तालिममा सहभागी कर्मचारी | सङ्ख्या | ० | ६० | ८० | १०० | १०० |

मध्यमकालीन खर्च संरचना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | कर्मचारीलाई सम्मान पुरस्कार वा अन्य प्रोत्साहन | सङ्ख्या | ० | ५० | ८० | १०० | १०० |
| ३ | सेवा प्रवाहमा सूचना प्रविधि विकास (शाखा र वडा) | सङ्ख्या | ० | १ | १ | १ | १ |
| ४ | शाखागत तथ्यांक व्यवस्थापन अनलाइन एप्लिकेसन विकास र सञ्चालन | सङ्ख्या | ० | ५ | ५ | ५ | ५ |
| ५ | गाउँपालिका तथा वडावाट प्रवाह हुने सेवाहरू सम्बन्धी मापदण्ड (Standard Operating Procedure - SOP) लागू | सङ्ख्या | ० | १ | १ | १ | १ |
| ६ | सेवा प्रवाह सम्बन्धमा अनुसन्धान र विकास | सङ्ख्या | ० | ० | १ | १ | १ |

### ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ८५: मानव संसाधन तथा सेवा प्रवाह विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | | | बजेटको स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक आय | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १०,१०० | १०,१०० | ० | ० | १०,१०० | ० | ० |
| २०८२/८३ | १०,७०० | १०,७०० | ० | ० | १०,७०० | ० | ० |
| २०८३/८४ | ११,४०० | ११,४०० | ० | ० | ११,४०० | ० | ० |
| **जम्मा** | ३२,२०० | ३२,२०० | ० | ० | ३२,२०० | ० | ० |

### ७.४.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ८६: मानव संसाधन तथा सेवा प्रवाह क्षेत्रका कार्यक्रम/आयोजनाको विवरण

| क्र सं | क्रियाकलापको नाम | अवधि शुरु र समाप्ति | ईकाई | जम्मा लक्ष्य | अनुमानित लागत रु (हजार) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| **क** | मानव संसाधन क्षमता विकास र उत्प्रेरणा | | | | | |

मध्यमकालीन खर्च संरचना

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | कर्मचारी क्षमता विकास | सालबसाली | गोटा | ३ | ३,००० | सबै कर्मचारीहरूको पेशागत क्षमता विकास भएको हुनेछ। |
| २ | जनप्रतिनिधि क्षमता विकास | सालबसाली | गोटा | ३ | ३,००० | सबै निर्वाचित पदाधिकारीहरूको पेशागत क्षमता विकास भएको हुनेछ। |
| ३ | कर्मचारी सम्मान र पुरस्कार | सालबसाली | गोटा | ३ | १,७०० | उत्कृष्ट कर्मचारीहरूलाई सम्मान र पुरस्कार प्रदान गरिएको हुनेछ। |
| ४ | सफल अभ्यास अवलोकन भ्रमण | सालबसाली | गोटा | ३ | १,९०० | गाउँपालिकाभित्र र बाहिरका सफल अभ्यासहरूको अवलोकन गरी सिकाइहरू कार्यान्वयन गरिएको हुनेछ। |
| | जम्मा | | | १२ | ९६०० | |
| **ख** | सेवा प्रवाहमा सुधार | | | | | |
| १ | स्थानीय शासन परामर्श सेवा | सालबसाली | गोटा | ३ | ७,५०० | गाउँपालिकाको कार्यालय व्यवस्थापन र सेवा प्रवाहमा सुधारका लागि परामर्श सेवा खरिद र कार्यान्वयन भएको हुनेछ। |
| २ | अनुसन्धान र विकास | सालबसाली | गोटा | ३ | ६,००० | स्थानीय शासन सुधारका लागि विभिन्न १० अनुसन्धानहरू भएको हुनेछ। |
| ३ | नागरिक सहायता कक्ष सञ्चालन | सालबसाली | गोटा | ३ | २,६०० | नागरिक सहायता कक्ष सञ्चालन भएको हुनेछ। |
| ४ | सेवा प्रवाहमा सूचना प्रविधि विकास (शाखा र वडा) | सालबसाली | गोटा | ३ | ३,००० | सबै शाखा र वडाहरूमा सूचना प्रविधि विकास भएको हुनेछ। |
| ५ | अनलाईन सेवा प्रवाह तथा तथ्यांक व्यवस्थापन | सालबसाली | गोटा | ३ | ३,००० | सबै शाखा र वडाहरूमा अनलाइन सेवा प्रवाह र तथ्यांक व्यवस्थापन भएको भएको हुनेछ। |
| ६ | सेवा प्रवाह आधारभूत मापदण्ड तयारी र अद्यावधिकीकरण | सालबसाली | गोटा | १ | ५०० | सेवा प्रवाह आधारभूत मापदण्ड तयारी र अद्यावधिक भएको हुनेछ। |
| | जम्मा | | | १६ | २२६०० | |
| | कुल जम्मा | | | २८ | ३२२०० | |

### ७.४.९ अनुमान तथा जोखिम पक्ष

मानव संसान तथा सेवा प्रवाह क्षेत्रमा समावेश गरिएका कार्यक्रमहरूका लागि विनियोजन गरिएको बजेट सहज रुपमा प्राप्त हुने र सोको कार्यान्वयन प्रभावकारी हुने अनुमान गरिएको छ। साथै मानव संसाधन र सेवा प्रवाह प्रणालीको विकास कार्यमा सबै जनप्रतिनिधि तथा कर्मचारीहरूको सक्रिय सहभागिता रहने समेत अनुमान गरिएको छ।

मध्यमकालीन खर्च संरचना

# अनुसूची-१

# मध्यमकालीन योजना खाका

मध्यमकालीन खर्च संरचना